प्रक्षेपण
राष्ट्रिय दैनिक
www.prakshepandaily.com

**आगो,हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं**

- आगो वा हिटर नजिकबाट नतापौं
- कागज,कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं
- आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
- आगो,हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २४ | अंक १८३ | २०८१ माघ १५ गते मंगलबार | 28 January 2025 Tuesday | नेपाल संवत ११४५ | पृष्ठ ८ | मूल्य : १०/

# एमालेमा फर्किन पूर्वराष्ट्रपति भण्डारीको 'वार्मअप'

प्रक्षेपण संवाददाता



काठमाडौं । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी सक्रिय राजनीतिमा फर्किने चर्चा भइरहेका बेला उनी आफैंले पनि पटकपटक संकेत गर्न थालेकी छन् । देशका विभिन्न सहरको भ्रमणका क्रममा उनले आवश्यक परे दलीय राजनीतिमा फर्किन सक्ने बताउँदै आएकी छन् । भण्डारीको अभिव्यक्ति र भ्रमणलाई लिएर एमाले वृत्त र अन्य दलहरुले दलीय राजनीतिमा फर्किने 'वार्मअप'का रुपमा हेर्ने गरेका छन् ।

राष्ट्रपति भइसकेको व्यक्ति पुनः दलीय राजनीतिमा फर्किन कति जायज हुन्छ भन्ने टिकाटिप्पणी भइरहेका बेला उनले सार्वजनिक रुपमा अभिव्यक्ति दिनुले पनि उनी दलीय राजनीतिको 'वार्मअप'मा छन् भन्ने पुष्टि हुन्छ। एमालेका एक जना नेताको किताब सार्वजनिक कार्यक्रममा त कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले राष्ट्रपति भइसकेको व्यक्ति पुनः राजनीतिमा फर्किनु राम्रो नहुने बताउँदै देशको अभिभावक भएर बस्न सुझावसमेत दिएका थिए ।

यसैबीचमा पूर्वराष्ट्रपति भण्डारीले फेरि सोमबार राजनीतिमा सक्रिय हुनसक्ने अभिव्यक्ति दिएकी छन् । विराटनगरमा रहेकी भण्डारीले पत्रकारसँग आवश्यक परे सक्रिय हुने बताइन्। राष्ट्रको आवश्यकताले खोजी भए दलीय राजनीतिमा पुनः सक्रिय हुने बताउँदै उनले अहिले नै कुनै दलमा आवद्ध हुने निर्णयमा भने पुगिनसकेको बताइन् ।

दलीय राजनीतिमा फर्कने र एमालेको अध्यक्ष बन्ने प्रयासमा रहे नरहेको भन्दै सञ्चारकर्मीले पटकपटक सोधेको प्रश्नमा भण्डारीले राष्ट्रको आवश्यकताले खोजी भए दलीय राजनीतिमा पुनः फर्कने बताएकी हुन्। आफू अहिले पनि राष्ट्रिय राजनीतिमा भने सक्रिय नै रहेको उनको भनाइ छ । 'राष्ट्रपति पद गैरराजनीतिक पद होइन । राष्ट्रिय राजनीतिमा म सक्रिय नै छु । राष्ट्रिय राजनीतिका समग्र एजेन्डामा सबै पक्षहरूसँग छलफल गरिरहेको छु, शिक्षा, स्वास्थ्य, खानेपानी, जलवायु परिवर्नत, वैदेशिक रोजगारीमा जानुपर्ने युवाको बाध्यताजस्ता समस्या समाधानका लागि छलफल चलाइरहेको छु,' उनले भनिन्, 'ती एजेन्डा पूरा गर्न कुनै दलमा आवद्ध हुनुर्पयो भने त्यतिबेला निर्णय गर्नेछु ।'

दलीय राजनीति राजनीतिकमा सक्रिय हुने अवस्थामा एमालेमै जानुपर्ने उनको भनाइ थियो । एमालेको भावी अध्यक्षको भूमिका आउन चाहनुभएको हो भन्ने प्रश्नमा उनले भनिन्, 'जहाँसम्म दलीय राजनीतिमा लागेर पद जिम्मेवारी लिने कि नलिने भन्ने कुरामा मैले अहिले प्रवेश गरेकी छैन। भोलि कुन दलमा काम गर्ने भन्ने कुरा पनि आउँछ। भोलि जाँदा एमालेबाटै जन्मेर हुर्केर आएको हुनाले त्यही जानुपर्ने हुन्छ । तर, अहिले छलफल भएको छैन ।'

जनतामावि इटहरीको वार्षिक कार्यक्रममा सहभागी हुन जाने क्रममा उनले विराटनगरमा सञ्चारकर्मीहरूसँग छलफल गरेकी हुन्। 'विराटनगर मेरो पुरानो गृह जिल्ला पनि हो, राजनीति गरेको स्थान पनि हो । पुराना साथी र नयाँ पुस्तासँग पनि भेट हुने भएर म आएको हुँ । यही क्रममा तपाईंहरूसँग पनि भेट्न मन लाग्यो,' उनले भनिन् ।

**पूर्वउपराष्ट्रपति पुनको सक्रियताले भण्डारीलाई सहज**

भण्डारीकै कार्यकालमा माओवादीबाट उपराष्ट्रपति भएका नन्दकिशोर पुन 'पासाङ' यसअघि नै दलीय राजनीतिमा सक्रिय भइसकेका छन्। कार्यकाल सकिएको केही समयपश्चात माओवादीका पदाधिकार ीसँग बैठकमा देखिने गरेका छन् । आफ्नै कार्यकालका उपराष्ट्रपति दलीय राजनीतिमा सक्रिय हुँदा भण्डारीलाई पनि सक्रिय हुन केही सहज भएको छ ।

यद्यपि भण्डारीको विषयमा जस्तै पुनको विषयमा पनि टिकाटिप्पणी भने भइरहेको छ । पार्टीमा पनि उनलाई अहिलेसम्म जिम्मेवारी तोकिएको छैन । यसो हुँदाहुँदै पनि पूर्वराष्ट्रपति उनै पुनलाई देखाउँदै हौसिएकी छन् । सोमबार विराटनगरमा पत्रकारहरुसँगको भेटमा उनले पासाङ माओवादी केन्द्रको राजनीतिमा सक्रिय भएकोमा खुसी लागेको अभिव्यक्तिसमेत दिइन् । पुनलाई शुभेच्छासमेत प्रकट गर्ने बताइन् । 'उहाँ युवा हुनुहुन्छ, अनुभव छ । राजनीति गरेर आउनु भएको हो । म राष्ट्रपति, उहाँ उपराष्टपति भएर सात वर्ष सहकार्य गरेको हो । खुसी नै लागेको छ, मेरो शुभेच्छा छ', पूर्वराष्ट्रपति भण्डारीले भनिन् । यसबाट उनी पनि राजनीतिमा आउन चाहेको विषय थप प्रस्ट भएको छ ।

– बाँकी पृष्ठ ३ मा

# देउवाको निर्देशनले रोकिएन कांग्रेसमा अध्यादेशको असन्तुष्टि



काठमाडौं । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पार्टीका मन्त्री, सांसद र नेताहरुलाई सरकारले ल्याएको अध्यादेशको पक्षमा उभिन निर्देशन दिए पनि नेताहरुले असन्तुष्टि जारी राखेका छन् । शनिबार र आइतबार शीर्ष नेता, मन्त्रीर संसदहरुको बैठकमा देउवाले अध्यादेशको बचाउमा लाग्न निर्देशन दिएका थिए । तर, कांग्रेसका नेताहरुले संसद छलेर अध्यादेश ल्याइएको भन्दै असन्तुष्टि जनाइरहेका छन् ।

सभापति र सरकारमा सहभागी मन्त्रीहरुले कांग्रेससँगको सल्लाहमै अध्यादेश ल्याइएको बताए भने केही नेताहरु र सांसदहरुले कुनै छलफल नगरी ल्याइएको भन्दै असन्तुष्टि जनाएका हुन्। उनीहरुले पार्टीका तर्फबाट पनि आफूहरुसँग छलफल नभएको बताएका छन् । सोमबार बसेको कांग्रेस संसदीय दलको बैठकमा बोल्ने अधिकांश सांसदहरूले अध्यादेशको विषय उठाएका थिए ।

नेपाली कांग्रेसका प्रमुख सचेतक श्याम घिमिरेका अनुसार सोमबारको बैठकमा १७ जना सांसदले अध्यादेश र सरकारका मन्त्रीहरुमाथि केही प्रश्नहरू उठाएको बताए। 'संसद् अधिवेशन, अध्यादेश, बजेट लगायतलाई लिएर आज सांसदहरूले प्रश्न उठाउनुभएको छ,' बैठकपछि पत्रकारहरुलाई प्रतिक्रिया दिँदै घिमिरेले भने, ' अत्यन्त महत्त्वपूर्ण र गम्भीर विचार माननीय सदस्यबाट आएको छ ।'

राष्ट्रपति रामचन्द्र पौडेलले यही माघ १८ गते संसदको हिउँदे अधिवेशन आह्वान गरिसकेका छन्। उक्त अधिवेशनमा अध्यादेशको विषय उठ्ने भन्दै कांग्रेसले त्यसको पक्षमा सांसदलाई एकजुट बनाउन प्रयास गरिरहेको छ। हिउँदे अधिवेशनको तयारीका लागि बसेको बैठकमा कांग्रेस सांसदहरु थप विभाजित देखिएका छन् ।

दुई दिन छलफल हुँदा पनि कांग्रेसको संसदीय दलको बैठक सकिएको छैन। सांसदहरुले गम्भीर विषयको उठान गर्न थालेपछि बैठक लम्बिएको सांसद रामहरि खतिवडाले बताए ।

अबको बैठकमा सांसदले उठाएका विषयको मन्त्रीले जवाफ दिनेछन्। मन्त्रीले जवाफल दिनका लागि १८ गते नै बैठक आह्वान गरिएको छ ।

– बाँकी पृष्ठ ३ मा

# रविले दिए जिल्लाको आदेशविरुद्ध उच्च अदालतमा निवेदन




काठमाडौं । पूर्वगृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभाति रवि लामिछानेले सूर्यदर्शन सहकारी ठगी प्रकरणमा ६५ लाख धरौटी माग्ने जिल्ला अदालत कास्कीको आदेशविरुद्ध उच्च अदालत पोखरामा निवेदन दिएका छन्। उनले आफू दोषि नै नरहेको र ठूलो रकम धरौटी माग गरिएको बताउँदै सामान्य तारिखमा मुद्दा पुर्पक्ष गराउन माग गर्दै उच्च अदालतमा निवेदन दर्ता गराएका हुन् ।

रविले धरौटी माग गर्ने जिल्लाको आदेश नै त्रुटिपूर्ण रहेको दाबी गरेका छन् । २ कात्तिकमा काठमाडौंबाट पक्राउ गरी ४ कात्तिकमा जिल्ला अदालत कास्कीमा उपस्थित गराइएका रविलाई सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा करिब २८ करोड रुपैयाँ बिगो माग दाबी गर्दै अभियोजन दर्ता भएकोमा न्यायाधीश नीतिज राईको इजलासले २५ पुसमा ६५ लाख रुपैयाँ धरौटी मागेको थियो। त्यतिबेला भने रवि र रास्वपाका नेता, कार्यकर्ताले उक्त आदेशको स्वागत गरेका थिए।

पोखरापछि काठमाडौंमा ६० लाख धरौटी माग हुँदा पनि उनीहरुले यस्तो कुनै प्रतिक्रिया दिएका थिएनन् । आइतबार रुपन्देहीको सुप्रिम सहकारी ठगीमा एक करोड धरौटी माग भएपछि भने उनीहरु झस्किएका हुन् । आइतबार आदेश आएसँग रास्वपाका कोषाध्यक्षले धेरै धरौटी मागिएकोप्रति आपत्ति जनाउँदै साधारण तारेखको माग गर्दै उच्च जाने तयारी गरेको बताएका थिए ।

रुपन्देहीबाट एक करोड धरौटीमा छुटेपछि रवि पोखरा लागेका थिए। पोखरा गएर उनले सोमबार उच्च अदालतमा धरौटी माग गर्ने आधार र प्रमाण नै बेरितको भएको दाबी गर्दै बदर गर्न माग गरेका हुन् ।

– बाँकी पृष्ठ ३ मा

# विप्लवको पार्टीले सञ्चालनमा ल्यायो 'सी व्यापार केन्द्र'



काठमाडौं । उत्पादनमुखी कार्यक्रम सञ्चालन गर्ने बताउँदै आएको नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले व्यापार केन्द्र सञ्चालनमा ल्याएको छ। आफ्नै पार्टीले उत्पादन गरेको कृषि तथा पशुजन्य उत्पादन बिक्री गर्न भन्दै नेकपाले राजधानी काठमाडौंमा 'सी व्यापार केन्द्र' सञ्चालनमा ल्याएको छ ।

बूढानीलकण्ठ नगरपालिकाको पासीकोटमा सञ्चालन गरिएको व्यापार केन्द्रको सामेबार पूर्वप्रधानमन्त्री एवम् नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालगायतले शुभारम्भ गरेका हुन् । विभिन्न जिल्लामा रहेका नेकपाका ७५ वटा उत्पादन केन्द्रबाट उत्पादित चामल, दाल, तेल, मसला, मह, माछा तथा मासुजन्य, दूग्धजन्य र रैथाने उत्पादन तथा दैनिक उपभोग्य सामग्री व्यापार केन्द्रमा बिक्रीमा राखिएको छ ।

व्यापार केन्द्रको शुभारम्भ गर्दै एकीकृत समाजवादीका अध्यक्ष नेपालले श्रम संस्कृतिको विकासबाट राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरे। नेकपाले थालेको उत्पादन र व्यापारको सुरुआत प्रंशसनीय रहेको उल्लेख गर्दै उनले स्थानीय उत्पादनको गुणस्तर सुनिश्चितामा ध्यान दिन आग्रह गरे ।

कार्यक्रममा नेकपाका महासचिव विप्लवले राजनीतिलाई उत्पादनसँग जोडेर लैजानुपर्ने आवश्यकता महसुस गरी आफ्नो पार्टीबाट विभिन्न जिल्लामा उत्पादित उत्पादनलाई बिक्री गर्न व्यापार थालिएको बताए । विप्लवको पार्टीले गार्मेन्ट उद्योग, स्याउ खेती, धान खेतीलगायत कृषि उद्यममा लागनी गर्दै आएको छ। जसमा विप्लव आफैं सक्रिय हुने गरेका छन् ।

व्यापार केन्द्र शुभारम्भ कार्यक्रममा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का उपमहासचिव जनार्दन शर्मा पनि सहभागी भएका थिए । उनले आत्मनिर्भरता र अन्तरनिर्भरताको नयाँ परिभाषा आवश्यक भएको उल्लेख गर्दै नेकपाले सुरु गरेका उत्पादन परियोजनाको प्रशंसा गरे ।

यस्तै, नेपाल समाजवादी पार्टीका सहअध्यक्ष गङ्गानारायण श्रेष्ठले श्रम संस्कृति दिनानुदिन कमजोर भइरहेको अवस्थामा नेकपाले सञ्चालन गरेको उत्पादन अभियान राष्ट्रिय अर्थतन्त्रमा नयाँ मोडल भएको बताए । विप्लवको पार्टीले आगामी ०८४ मा हुने चुनावमा सहभागी हुने निर्णयसमेत गरिसकेको छ । त्यसैले जनतासँग जोडिन विभिन्न कार्यक्रम ल्याउन थालेको छ। विप्लव आफैंले जनतासँग जोडिने कार्यक्रम तय गरेर सञ्चालन गरिरहेको बताएका छन् । उनले ०८४ मा बहुमत सिट ल्याउने तयारीका साथ लागेको दाबीसमेत गर्दै आएका छन् ।

# हिउँदे अधिवेशनको तयारीमा सत्तारुढ दल



१४ माघ, काठमाडौं । सत्ता साझेदार दलहरु संसद्को हिउँदे अधिवेशनको तयारीमा जुटेका छन्। राष्ट्रपति रामचन्द्र पौडेलले यही माघ १८ गते अधिवेशन आह्वान गरेका छन्। त्यसअघि सरकारले संसदमै विचाराधीन अवस्थामा रहेका विधेयककै अध्यादेश ल्याएपछि आलोचना भइरहेको छ। अबको हिउँदे अधिवेशनमा प्रतिपक्षले अध्यादेशको विषयलाई कडारुपमा उठाउने तयारी गरेपछि त्यसको बचाउका लागि सत्ता साझेदार दलहरुले पनि तयारी गरेका छन् ।

संसदको विजनेसका साथै अध्यादेशको बचाउका लागि मुख्यगरी कांग्रेस र एमालेले निरन्तर पार्टीभित्र र साझेदार दलहरुबीच छलफल गरिरहेका छन् । छुट्टाछुट्टै बैठक बसिरहेका एमाले-कांग्रेसले सामेबार साझेदार सबै दलहरुसँग बैठक बसेर छलफल गरेका थिए । सोमबारको बैठमा दलहरुले संसदमा एक भएर प्रस्तुत हुने निष्कर्ष निकालेका छन् ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्ता साझेदार दलहरुको नियमित बैठकले संसद्का एजेण्डाहरुमा साझा मत प्रस्तुत गर्ने निर्णय गरेको एक सहभागीले बताए। 'हामी सबै एकैस्वर भएर संसद्मा जानुपर्छ भन्ने निष्कर्ष निकाल्यौं । अरु धेरै कुरा भएन,' ती नेताले भने। बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले सरकार सञ्चालनबारे ब्रिफिङ गरेका थिए ।

'प्धानमन्त्रीले सरकार र गठबन्धन राम्रोसँग चलिरहेको ब्रिफिङ गर्नुभयो । पूर्वप्रधानमन्त्री र भविष्यका प्रधानमन्त्रीले पनि ९शेरबहादुर देउवा० ले पनि राम्रो छ भन्नुभयो,' उनले भने। सरकार र सत्तारुढबीच समस्या नरहेको निष्कर्षपछि संसद् बैठकमा पनि एउटै मत बनाएर जाने निर्णय गरिएको छ ।

यसअघि कांग्रेस र एमालेले पनि संसदमा अध्यादेशको पक्षमा उभिन आफ्ना सांसदहरुलाई निर्देशन दिइसकेका छन् ।

अध्यादेशकै बारेमा प्रस्ट्याउनका लागि पहिलो दिन नै प्रधानमन्त्री केपीशर्मा ओलीले सम्बोधन गर्ने तयारी पनि गरेका छन् । एमालेले सभामुख देवराज घिमिरेसँगको बैठकमा सम्बोधनको प्रस्ताव राखेको थियो ।

त्यसको औपचारिक निर्णय भने भइसकेको छैन ।



# राष्ट्रिय सहकारी नियमन प्राधिकरणको उद्घाटन




काठमाडौं । सरकारले हालै सहकारी ऐन, २०७४ संशोधन गर्न जारी गरेको अध्यादेशबमोजिम राष्ट्रिय सहकारी नियमन प्राधिकरणको उद्घाटन गरिएको छ। साबिकको राष्ट्रिय सहकारी विकास बोर्डको पुल्चोकस्थित भवनमा सोमबार आयोजित कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले प्राधिकरणको कार्यालय विधिवत् रुपमा उद्घाटन गरेका हुन् । कार्यक्रममा मन्त्री अधिकारीले प्राधिकरणका अध्यक्ष र सदस्यहरुलाई शपथ पनि गराए ।

सो कार्यक्रमलाई सम्बोधन गर्दै उनले सहकारीमा भएको अनियमितताको माथिदेखि तलसम्मको छानबिन गरी प्राधिकरणले काम गर्ने बताए। ऋण असुली न्यायाधीकरण, सूचना केन्द्र र कोष पनि चाँडै स्थापना हुने मन्त्री अधिकारीको प्रतिबद्धता छ । ऐनमा भएको संशोधन अब दृढताका साथ कार्यान्वयन गर्न पनि पनि उनले प्राधिकरणका पदाधिकारी एवं कर्मचारीलाई निर्देशन दिए । सहकारी क्षेत्रमा नमिलेका ऐन, कानुन संशोधन गरी दुई वर्षभित्रमा यस क्षेत्रमा देखिएका सबै समस्या समाधान गरेर अघि बढ्ने प्रतिबद्धता पनि मन्त्री अधिकारीले कार्यक्रममा गरेका थिए। भूमिसम्बन्धी समस्या समाधानका लागि भूमि र नापी ऐन पनि संशोधन गर्न गृहकार्य भइरहेको उनले सुनाए ।

प्राधिकरणका अध्यक्ष एवं मन्त्रालयका सचिव अर्जुनप्रसाद पोखरेलले सरकारको यही माघ ७ गतेको निर्णयानुसार आफू अध्यक्ष भएको उल्लेख गर्दै एक हप्तामै कार्यालय स्थापनासहित उद्घाटन गर्न सकिएको बताए । सहकारी क्षेत्रमा आइपरेका अप्ठ्याराबाट नडराई समस्या समाधान गर्दै जाने उनको भनाइ छ। देशको समृद्धिका लागि सहकारी अर्थतन्त्रको विकल्प नभएको उल्लेख गर्दै उनले यस क्षेत्रमा देखिएका समस्या समाधान गर्ने विकल्पमा सरकार अघि बढेको बताए । पुँजीबाट रोजगारी सिर्जना गर्ने गरी सहकारी अभियानलाई अघि बढाउन लागिएको जानकारी पनि अध्यक्ष पोखरेलले गराए । प्राधिकरणले देशभर खुलेका करिब ३४ हजार सहकारीमा भौतिक रुपमा पुग्न नसके पनि पाइला, आँखा र नजर पुग्नेगरी काम गर्ने प्रतिबद्धता उनको थियो । राष्ट्रिय सहकारी महासङ्घ लिमिटेडका अध्यक्ष ओमदेवी मल्लले सहकारी क्षेत्रमा यसअघि बनेका ऐन, कानुन कार्यान्वयन नभएको बताए। उनले हाल प्राधिकरण स्थापना गर्नुपर्ने गरी सहकारी क्षेत्रमा समस्या आएकाले अब कानुनको कार्यान्वयन गर्न माग गरे । देशभर ३८ वटा डिभिजन सहकारी कार्यालय हुँदा प्रत्येक सहकारीले मासिक रुपमा प्रतिवेदन बुझाउने गरेको उल्लेख गर्दै उनले डिभिजन कार्यालयलाई राज्य पुनर्संरचनाका क्रममा हटाइँदा अहिले समस्या आएको बताए ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी सङ्घ (नेफ्स्कुन) का अध्यक्ष चन्द्रप्रसाद ढकालले अध्यादेशबाट सहकारी ऐन, २०७४ मा गरिएको संशोधन पूर्ण रुपमा कार्यान्वयन गर्न माग गरे। प्राधिकरणमा जिल्ला न्यायाधीशको अधिकारसरहको व्यवस्था गरिएकाले त्यसको सही रुपमा कार्यान्वयन गरी यस क्षेत्रमा देखिएका समस्या समाधान गर्नुपर्ने उनको भनाइ थियो। प्राधिकरण सञ्चालक समितिको पहिलो बैठक पनि आजै बस्ने जानकारी सो अवसरमा दिइएको थियो ।

# 'तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक २०८१'को प्रतिवेदन तयार गर्न निर्देशन

काठमाडौं । राष्ट्रियसभा विधायन व्यवस्थापन समितिले 'तिलगङ्गा नेत्र विश्वविद्यालय विधेयक २०८१' को प्रतिवेदन तयार गर्न सचिवालयलाई निर्देशन दिएको छ। शिक्षा तथा विज्ञान प्रविधिमन्त्री विद्या भट्टराई, सचिव डा दीपक काफ्ले, कानुन मन्त्रालयका प्रतिनिधि तथा समिति सदस्यहरुबीचको छलफल र सहमतिका आधारमा समितिको आजको बैठकले प्रतिवेदन बनाउन निर्देशन दिएको हो । बैठकमा सचिव काफ्लेले अस्पताल विश्वविद्यालयमा रुपान्तरण भएसँगै त्यसको ऋण, धन र जनशक्ति स्वतः विश्वविद्यालयमा हस्तान्तरण हुने जानकारी दिए।

विधेयकमाथि गैरसरकारी संस्थाका रुपमा सञ्चालनमा रहेको तिलगङ्गा अस्पताल हैसियत, सम्पत्ति र जनशक्ति हस्तान्तरणको विषयमा विभिन्न कोणबाट प्रश्न उठेपछि गहन रुपमा निरन्तर छलफल हुँदै आएको थियो । यसअघि सदस्यहरुले संविधान र प्रचलित कानुनले सार्वजनिक निकायमा कर्मचारी नियुक्तिका सन्दर्भमा लोक सेवा आयोगको संलग्नता, विधि र प्रक्रिया पूरा गर्नुपर्ने अवस्थामा एउटा गैरसरकारी संस्थाका कर्मचारी सार्वजनिक निकायमा आउन सक्छन् कि सक्दैनन् भन्नेसहित छवटा प्रश्न उठाएका थिए ।

बैठकमा मन्त्री भट्टराईले विधेयकलाई निष्कर्षमा पुऱ्याउन मन्त्रालयले गर्नुपर्ने आवश्यक समन्वय र सहयोग हुने विश्वास दिलाइन्। उनले भनिन्, "प्रतिवेदन तयार गर्नेदेखि लिएर अरू सबै विषयमा मन्त्रालयको सहयोग र समर्थन रहनेछ।

गत मङ्सिर २४ गतेदेखि निरन्तर रुपमा छलफल हुँदै आएको उक्त विधेयक यही माघ २० गतेभित्र संसद्समक्ष टेबुल गरिनेछ। तिलगङ्गालाई आँखा स्वास्थ्यको क्षेत्रमा उत्कृष्ट प्राज्ञिक केन्द्रका रूपमा विश्वविद्यालयमा रूपान्तरण गरिनु उपयुक्त हुने समितिका सदस्यहरूको भनाइ थियो ।


Government of Nepal
Ministry of Water Supply
**Department of Water Supply and Sewerage Management**
**Federal Water Supply and Sewerage Management Project**
Bhaktapur

## Invitation for Electronic Bid for Supply of HDPE Pipes

Date of publication: **2081/10/15**

Federal Water Supply and Sewerage Management Project, Bhaktapur invites electronic bids from Nepalese eligible bidders. The Bidders are requested to visit the PPMO website (www.bolpatra.gov.np/egp) for further information and a complete set of Bidding Documents with detail information.

| Contract ID no: | Name of work | Location | Bid Security amount (Nrs) | Bid Fee (Nrs) | Estimate Cost (Without VAT& Contingencies) | Final Bid Submission Date and Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 08-081/82/Goods/ FWSSMP-Bhaktapur | Supply of Different Size HDPE pipes | Katunje, Bhaktapur | 50,000 | 1000 | 1767616.20 | 12:00 noon, 2081/10/30 | Sealed Quotation |

The account details for the bid fee collection are as follows:
**Name of the Bank:** Nepal Bank Ltd. Bhaktapur
**Name of Office:** Federal Water Supply and Sewerage Management Project, Bhaktapur
**Office Code no:** 313013301
**Office Account no:** 00101000000001001001
**Rajaswa (revenue) Shirshak no.:** 14229

**Project Chief**



Golanjor Rural Municipality
Office of the Rural Municipal Executive
Gwaltar-3, Sindhuli
**Invitation for Bids**
(First Date of Publication: 14th **Magh 2081)**

1. The Golanjor Rural Municipality invites electronics bids from the eligible bidders for the procurement of following works:

| Contract ID No. | Description | Estimated or Minimum Bid Amount NRs. (Excluding Vat & Contingencies) | Minimum Bid Security Amount (NRS) | Cost for Bid document (NRs) |
|---|---|---|---|---|
| GRM/SIN/WORKS /NCB/18/081/082 | Bhanjyandada Twang Twange Gaikhure Sadak Staronnati | 26,02,094.32 | 70,000.00 | 3000 |
| GRM/SIN/WORKS /NCB/19/081/82 | Birtatar Lift Sichai Yojana | 79,12,374.36 | 2,00,000.00 | 3000 |
| GRM/SIN/GOODS/ SQ/20/081/082 | Supply and Delivery of Sanitary Pad | 9,90,000.00 | 30,000.00 | 1000 |
| GRM/SIN/REVEN UE/GOODS/21/081 /082 | Extraction/Collection and Sales of River Natural Resources (Sand, Gravel and Boulder) | 50,42,923.20 | 5% of Bid Amount | 3000 |

2. Eligible bidders may obtain the further information and inspect the bidding documents at the office within office hours or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.



गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा

## विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रकाशित मिति २०८१/१०/१५

नागरिक आवस कार्यक्रम "नमुना वडा समाजवादी कार्यक्रम" अन्तर्गत ५ वटा भवन निर्माण कार्य विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आह्वान गरी भवन निर्माण गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरुलाई मिति २०८१/११/१५गते दिनको १२: ०० सम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp मार्फत खरिद प्रकृयामा सहभागी हुन अनुरोध छ ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान ( मु.अ.कर, PS रकम सहित र कन्टिजेन्सी बाहेक) | बोलपत्र जमानत रकम (रु) | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|
| 08/GRM/NCB/ Works/B/ 2081-82 | Construction of SMM House (Nagarik Abash Karyekram- Namuna Woda Samajwadi Karyekram) | रु ३३,९५,६३४।४९ | १,००,०००।०० | ३,०००।०० |

प्रमुख प्रशासकीय अधिकृत



महालक्ष्मी नगरपालिका वडा.नं ४ इमाडोल, ललितपुरको सूचना

यस वडाको नक्सापास सम्बन्धमा माघ १३ गते प्रक्षेपण राष्ट्रिय दैनिकमा प्रकाशित १५ दिने सूचनामा उत्तर संधियार किरण महर्जन हुनु पर्नेमा बिकास महर्जन हुन गएकोले सूचना सच्याईएको छ ।



नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय
सहकारी विभाग

## सम्पूर्ण सहकारी संघ/संस्थाका शेयर सदस्यज्यूहरुलाई अनुरोध

तपाईहरुको सहकारी संघसस्थाले समयमानै लेखापरीषण, साधारणसभा गरे नगरेको , मासिक, चौमासिक र बार्षिक प्रतिवेदन नियामक निकायमा बुझाउने गरे नगरेको, सम्पति शुद्धीकरण निवारण सम्बन्धी कानूनको परिपालना गरेको नगरेको, goAMl. मा नेपाल राष्ट्र बैकमा प्रतिवेदन गरे नगरेको साथै संधिय सहकारी विभागद्धारा सञ्चालित सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली(COPOMIS) मा आवद्ध भई नियमित रुपमा बिवरण प्रबिष्ट गर्ने गरे/ नगरेको ,सन्दर्भ व्याज दरको पालना गरे नगरेको, सेवा शुल्क तोकिए बमोजिम मात्र लिने गरे नगरेको र सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ तथा आफ्नो निकायबाट जारी गरिएको ऐन, कानून नीति ,नियम र विभागबाट समयमा जारी गरीएको नीति,नियम कार्यविधि तथा निर्देशन बमोजिम सस्था सञ्चान भएर नभएको विषयमा चनाखो भई ध्यान पुयाउनुका साथै सक्रिय सदस्यको रुपमा भूमिका निर्बाह गर्नु हून अनुरोध छ।


## आजको राशिफल

२०८१ माघ १५ गते, मंगलबार

### मेष
(चु चे चो ला लि लु ले लो अ )

आज भाग्यले तपाईंलाई हर क्षेत्रमा साथ दिनेछ। नयाँ कामको सुरु होला। धार्मिक यात्राले मन प्रशन्न हुनेछ।

### बृष
( इ उ ए ओ बा बि बु बे बो )

मानसम्मानले तपाईंको खुसीको सीमा रहनेछैन । हरेक कुरामा साथीहरुको साथ रहनेछ । सही ठाउँमा आवश्यक मात्र खर्च हुनेछ।

### मिथुन
(का कि कु घ ङ छ के को ह)

आज धन आगमन हुनेछ। तपाईंलाई दुःख दिनेहरु हार मान्नेछन्। समस्या सुल्झिनेछ। धैर्यताले काम गर्नुपर्ला।

### कर्कट
( हि हु हे हो डा डि डु डे डो )

आजको दिन मन अस्थिर र चञ्चल रहला। सोचेभन्दा बढी खर्च हुनेछ। बसेको स्थान छोड्नु पर्ला।

### सिंह
(मा मि मु मे मो टा टि टु )

परिवारको सहयोगले सबै काम बन्नेछ। रमाइलो अनि सुखद यात्रा हुनेछ। आफूले गरेको कर्मप्रति गर्व प्राप्त हुनेछ।

### कन्या
( टो प पि पु ष ण ठ पो )

आजको दिन बोलीमा माधुर्यता आउनेछ। यात्राबाट लाभ हुनेछ। मनोरञ्जनपूर्ण दिन बित्ने देखिन्छ। खर्चभन्दा आम्दानी बढी हुनेछ।

### तुला
(र रि रु रे रो ता ति तु ते )

आजको दिन धनसम्पत्तिलाई लिएर दाजुभाइसँग केही मनमुटाव होला। तपाईंको पराक्रमले काम बन्ने देखिन्छ। फजुलमा नसोचेको खर्च हुनेछ।

### बृश्चिक
(तो ना नि नु ने नो या यि यु)

आजको दिन रमाइलो हुनेछ। भाग्योदय बृद्धि हुने,आकस्मिक लाभ हुने होला। खर्चको उचित व्यवस्थापनमा ध्यान जानेछ।

### धनु
(ये यो भा भि भु ध फा ढा भे )

कुनै चिठ्ठा वा पुरस्कार प्राप्त होला। इष्टमित्रसँग भेटघाट हुनेछ। धनप्राप्ति हुनेछ। सन्तानको खुशीले तनाव हट्नेछ।

### मकर
(भो जा जि जु जे जो खा खि खु खे खो गा गि)

आत्मबलमा गिरावट आउनेछ। मन खिन्न रहला। मान,सम्मानमा आँच आउला। चोटपटक र शत्रुदेखि सतर्क रहनु पर्ने देखिन्छ।

### कुम्भ
(गु गे गो सा सि सु से सो दा)

बुबाआमा तथा परिवारबाट सहयोग पूरा हुनेछ। तपाईंको मान,सम्मान हुनेछ। नयाँ योजनाहरु स्थापित हुनेछन्। मित्र भेट हुने देखिन्छ।

### मीन
(दि दु थ झ ञ दे दो चा ची)

काममा अवरोध सिर्जना होला। भाग्यले साथ दिँदैन। नरमाइलो अनुभूति भइरहला। स्वास्थ्यमा पनि समस्या झेल्नुपर्नेछ।

## राष्ट्रको विकासमा सबैले योगदान गर्नुपर्छ : पूर्वराष्ट्रपति भण्डारी

मोरङ । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले राष्ट्रको समग्र विकासमा सबैको भूमिका महत्वपूर्ण हुने भएकाले आफ्नो स्थानबाट योगदान गर्नु आवश्यक रहेको बताएकी छन् ।

विराटनगरमा सोमबार सञ्चारकर्मीसँग कुरा गर्दै उनले विज्ञान प्रविधिको विकास, महिला, बालबालिका क्षेत्रको पछौटेपन हटाउन एवं खानेपानी समस्या समाधानमा सबैले आफ्नो क्षेत्रबाट काम गर्न सकेमा मुलुकले समृद्धि हासिल गर्ने बताइन् ।

राजनीतिमा चासो राख्नेले छलफलको विषय बनाए पनि दलीय जिम्मेवारी लिने चरणमा आफू पुगी नसकेको उनले प्रष्ट पारिन् ।

उनले राष्ट्रपति प्रणाली र राष्ट्रपति पद गैरराजनीतिक जिम्मेवारी नभएको उल्लेख गरिन् । उनले भनिन्, 'अहिले मिडियामा मेरो बारेमा आएका कुरा गलत छन् ।'

## एमालेमा फर्किन...

तर, आफ्नो राजनीतिक सक्रियताबारे भने निर्णय गर्न बाँकी रहको उनले बताइन् । 'म नेकपा एमालेबाट हुर्किएकाले जाँदा त्यहाँ नै हो । तर, छलफलको चरणमा प्रवेश गरेको छैन', उनले थपिन् । यद्यपि राष्ट्रिय राजनीतिमा आफू सक्रिय रहेको बताइरहिन् ।

विराटनगरमा उनलाई पत्रकारहरुले उनलाई एमालेमा फर्किन लागेको हो भन्दै एमालेमा फर्किने तयारी गरेकोले 'तपाईं निकट भनिएका व्यक्तिहरुलाई कारबाही गरिएको छ । केहीलाई कारबाही गरिंदैछ रे' भन्ने प्रश्न सोधेका थिए । यसबारेमा भने उनले कुनै प्रष्ट जवाफ दिएकी थिइनन् । उनले जवाफ नदिए पनि एमालेको आगामी ११औं महाधिवेशनमा उनी अध्यक्षको दाबेदार हुनसक्ने भन्दै एमालेमै चर्चा भइरहेको छ। त्यसले अध्यक्ष केपीशर्मा ओलीले भण्डारीनिकट भनिएका व्यक्तिहरुलाई कमजोर बनाउन खोजेको आरोप पनि छ ।

## देउवाको निर्देशनल...

सांसदहरुले प्रश्न गर्न थाले पनि सभापति शेरबहादुर देउवाले पनि मन्त्रीहरुलाई सांसदहरुसँग समन्वय गरेर काम गर्न निर्देशनसमेत दिएका छन्। सोमबारकै संसदीय दलको दलको नेतासमेत रहेका सभापति देउवाले सरकारमा सहभागी मन्त्रीहरूलाई पार्टीबाट निर्वाचित सांसदहरूसँग समन्वय गरेर काम गर्न निर्देशन दिएका हुन्। 'सभापतिज्यूले अन्तिममा मन्त्रीज्यूहरूको काम अलिकति अप्ठ्यारो त होला तर, सांसदहरूसँग समन्वय गरेर काम गर्न निर्देशन दिनुभयो,' बैठकपछि कांग्रेस सांसद रामहरि खतिवडाले भने ।

उनका अनुसार सभापति देउवाले बैठकमा वर्तमान गठबन्धनको सरकार ७ बुँदे सहमतिअनुसार निरन्तर जाने कुरामा विवाद नरहेको पनि बताए । देउवाले सांसदहरूलाई सरकारले काम गर्ने क्रममा गल्ती गरे खुलेर कुरा राख्न पनि भनेका छन् । 'गठबन्धनको सरकार हाम्रो ७ बुँदे सहमतिअनुसार निरन्तर जाने कुरामा विवाद छैन । तर, गल्ती भयो भने गल्ती भएका कुराहरू खुलेर राख्न सभापतिले पनि भन्नुभएको छ,' खतिवडाले भने, ' माननीय सदस्यहरूले पनि कुरा उठाएका छन ।'

नेपाली कांग्रेसको शनिबारको बैठकले पनि सरकारको गति बढाउनु पर्ने र पार्टीबाट प्रतिनिधित्व गर्ने मन्त्रीको काम पनि बढाउनु पर्ने निष्कर्ष निकालेको थियो ।

## रविले दिए ...

सहकारीबाट ऋृण लिन आफू उपस्थित नभएको, आवेदन नगरेको, आफ्नो खातामा जम्मा नगरेको र कुनै प्रकारको संलग्नता नरहेको पुष्टि हुँदा आफूउपरको अभियोग खण्डित भएको रविले उच्चमा दिएको निवेदनमा उल्लेख छ ।

'अभियोजन पक्षले संकलन गरेको प्रमाणमा नै म उपरको अभियोग स्थापित नभएको अवस्थामा मबाट सोही ऋृण रकम लिएको कायम गरी दायर भएको झुट्टा अभियोगलाई आधार बनाएर मसँग अधिक ठूलो राशी धरौटी माग गर्ने गरी भएको आदेश बेरितको हुँदा सो आदेश बदर भागी छ, बदर गरी पाउँ,' निवेदनमा छ ।

६५ लाख रुपैयाँ धरौटी लिने गरी भएको आदेशमा गोर्खा मिडिया नेटवर्क प्रालि कम्पनीमा एकल हस्ताक्षर गरी ८१४ वटा चेक काटेर कारोबार गरेको भन्ने बुँदा लगाएकोप्रति पनि उनले प्रश्न उठाएका छन्। विनिमय अधिकार पत्र ऐन २०३४ को दफा १२ वर्णित व्यवस्थाको आधारमा कम्पनीको हितमा असल नियतले गर्नुपर्ने कम्पनी कानुनको सिद्दान्त र प्रावधानले निर्दिष्ट गरेको कर्तव्य र दायित्वभित्रको काममात्र गरेको रविको दाबी छ। चेकमा हस्ताक्षर गर्ने कार्य फौजदारी कसुरको दायराभित्र पर्न सक्छ भन्ने अनुमान गर्न नमिल्ने हुँदा सुरु आदेश त्रुटिपूर्ण रहेको भन्दै रविले बदर गर्न माग गरेका छन् ।

कास्की, काठमाडौं रुपन्देहीमा गरी रविको धरौटी रकम २ करोड २५ लाख पुगिसकेको छ । हालसम्म प्रभु बैंकले धरौटी रकम ग्यारेण्टी गरिहेको छ। रविविरुद्ध चितवन र पर्सा पनि पूरक उजुरी परेको छ। त्यहाँ पनि उनको बयान लिइएको थियो । चितवनको साहारा चिवन सहकारीको अनुसन्धान सरकारी वकिल कार्यालयमा प्रहरीले बुझाइसकेको छ। पर्साको अनुसन्धान प्रतिवेदन बुझाउन बाँकी छ ।

### कम्पनीको नाम परिवर्तन भएको सार्वजनिक सूचना

कम्पनी रजिष्ट्रार कार्यालय, त्रिपुरेश्वर काठमाण्डौंमा दर्ता मिति २०७४/१२/१६ मा दर्ता भएको त्यस कम्पनीको निर्णय बमोजिम मिति २०८१/०५/२० को निर्णयअनुसार साविक कम्पनी (**खिलुंग कालिका म्युजिक एण्ड मुभिज प्रा.लि.**) मा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (**एन्जल भाषा सेन्टर प्रा.लि.**) को कम्पनिले सकार्ने व्यहोर्ने र नामका सम्वन्धमा भ्रम सिर्जना भई उजुरी परेमा संशोधन गर्ने शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरि **एन्जल भाषा सेन्टर प्रा.लि.** कायम गरिएको छ ।

### हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/१२/२९ मा दर्ता भएको प्रा.लि.नं.२१३०७४/०७५/०७६ को **होटल नाग पुखु प्रा.लि.** को मिति २०८१/१०/०१ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः तारा कुमार श्रेष्ठ, इजाजत पत्र नं. ५२३,**
**ठेगानाः अनामनगर, काठमाडौं, फोन नं. ९८५१००६४१६**

### हकदाबी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०२/२१ मा दर्ता भएको प्रा.लि.नं.१९०८८५/०७४/०७५ को **काबेली कृषि फर्म प्रा.लि.** को मिति २०८१/०९/२९ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः तारा कुमार श्रेष्ठ, इजाजत पत्र नं. ५२३,**
**ठेगानाः अनामनगर, काठमाडौं, फोन नं. ९८५१००६४१६**

## राजनीति देश र जनताका लागि गर्नुपर्छ : नेता कोइराला

विराटनगर । नेपाली कांग्रेसका वरिष्ठ नेता डा. शेखर कोइरालाले राजनीति पैसाका लागि नभई देश र जनताका लागि हुनुपर्ने बताएका छन् ।नोना कोइराला स्मृति प्रतिष्ठानद्वारा नोना कोइरालाको १८औं स्मृति दिवसको अवसरमा सोमबार आयोजित पुरस्कार वितरण समारोहलाई सम्बोधन गर्दै नेता कोइरालाले व्यक्तिगत स्वार्थभन्दा माथि उठेर राजनीति गर्नुपर्नेमा अहिलेको राजनीति सत्ता र पैसाको पछि हिँडिरहेको टिप्पणी गरे ।

उनले तीनै तहको सरकारमा रहेका अधिकांश व्यक्तिगत स्वार्थमा केन्द्रित भएको आरोप लगाए । उनले भने, 'अहिले राजनीतिलाई व्यावसायिकीकरण गरिंदैछ। राजनीति भनेको पेशा व्यवसाय होइन, सेवा हो ।'उनले सरकारले संसद्लाई पर सारेर अध्यादेश ल्याएकोमा आपत्ति जनाउँदै संसद् बस्ने समय नजिकिँदै गर्दा हतारमा अध्यादेश ल्याउँदा आमजनताले आशंका गरेको उल्लेख गरे ।

Government of Madhesh Province

**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office**

Birgunj, Parsa
Madhesh Province, Nepal

# Invitation for Bids

Date of publication: 28 January, 2025

1. Infrastructure Development Office, Birgunj, Parsa has allocated funds towards the cost of as per "The Work" and intends to apply part of the funds to cover eligible payments under the Contract for as per "The Work". Bidding is open to all eligible as per Section V of bidding document.
2. Infrastructure Development Office, Birgunj, Parsa invites electronic bids from eligible bidders for the "The Work" under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the key qualifications as per "The Work" should participate in this bidding:
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents on visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.

   **Information to deposit the cost of bidding document in Bank:-**

   Name of the Bank: Rashtriya Banijya Bank Ltd.
   Name of Office : Infrastructure Development Office, Birgunj, Parsa
   Office Code no. : 3370122012
   Account no.: 1000100200010000
   Rajaswa (revenue) Shirshak no. : 14229
   Bid Fee:- as in "The Work"
   Last Date of bid fee deposit : 27 February, 2025
6. Pre-bid meeting shall be held at Infrastructure Development Office, Birgunj, Parsa on 21 February, 2025, at 14:00 o'clock.
7. Electronic bids must be submitted to the office Infrastructure Development Office, Birgunj, Parsa through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 O'clock on 28 February, 2025. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 o'clock at the office of Infrastructure Development Office, Birgunj, Parsa. Bids must be valid for a period of as in "The Work" after bid opening and must be accompanied by a bid security amounting to a min of as in "The Work", which shall be valid for 30 days beyond the validity period of the bid (i.e.28 July, 2025)

   **Information to deposit the bid security in Bank:-**

   Name of the Bank: Rashtriya Banijya Bank Ltd.
   Name of Office: Province Treasury Controllers' Office, Birgunj, Parsa
   Office Code no. : 3370122012
   Account no.: 1220100202030000

9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission. Other matter not mentioned in the notice shall be as per PPA 2063, and PPR 2064 and their amendments.

The Work:-

| S.N. | Name of Project | Contract Id. | Minimum Average Annual | Minimum Work experience of similar size and nature | Bid Security | Bid Fee | Bid Validity | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Upgradation of Bi.Na.Pa. wada-32 isthit Himal Oxygen Gate dekhi Chorni, Laxmipur, Paruswa, Solakhpur hudai Tedha Mandir samma jane bato, Parsa | IDO/PAR/NCB/W/09/1Ka/2081/82 | NRs. 134100000 | 1. Bidder must have completed or substantially completed one Asphalt Concrete road project of intermediate lane and total length 5 km. and contract value NRs. 107300000 | NRs. 3800000 | NRs. 10000 | 120 days | |
| 2 | Upgradation of Parsa 1'kha' bhitra ka sahari sadak haru ko astaronnati, Parsa | IDO/PAR/NCB/W/03/1Kha/2081/82 | NRs. 134300000 | 1. Bidder must have completed or substantially completed one Asphalt Concrete road project of intermediate lane and total length 5 km. and contract value NRs. 107500000 | NRs. 3800000 | NRs. 10000 | 120 days | |
| 3 | Upgradation of Dakaila-Bahuari-Chainpur-Ektanga hudai Bagwana Koilavaar Mandir samma Sadak, Parsa | IDO/PAR/NCB/W/04/2ka/2081/82 | NRs. 129700000 | 1. Bidder must have completed or substantially completed one Asphalt Concrete road project of intermediate lane and total length 5 km. and contract value NRs. 103800000 | NRs. 3700000 | NRs. 10000 | 120 days | |
| 4 | Upgradation of Birgunj Ma. Na. Pa. ward- 26 Athraha Chowk dekhi Atharaha Chathghat hudai Sisipaadi Bairiya Samma Sadak, Parsa | IDO/PAR/NCB/W/05/2kha/2081/82 | NRs. 131800000 | 1. Bidder must have completed or substantially completed one Asphalt Concrete road project of intermediate lane and total length 5 km. and contract value NRs. 105500000 | NRs. 3700000 | NRs. 10000 | 120 days | |
| 5 | Upgradation of Bhauratar Bishrampur bata Mahuwan Ekdarwa Lakhanpur Baluwa hudai Kataiya sadak, Parsa | IDO/PAR/NCB/W/07/3ka/2081/82 | NRs. 131600000 | 1. Bidder must have completed or substantially completed one Asphalt Concrete road project of intermediate lane and total length 5 km. and contract value NRs. 105300000 | NRs. 3700000 | NRs. 10000 | 120 days | |
| 6 | Upgradation of Dhore-Border-Haswa- Raniganj-Lakhanpur Hulaki samma sadak, Parsa | IDO/PAR/NCB/W/06/3kha/2081/82 | NRs. 129500000 | 1. Bidder must have completed or substantially completed one Asphalt Concrete road project of intermediate lane and total length 5 km. and contract value NRs. 103700000 | NRs. 3700000 | NRs. 10000 | 120 days | |
| 7 | Upgradation of Shankar Saraiya Sakhbaniya Haraiya Latomai Sedhwa Jeetpur Sadak, Parsa | IDO/PAR/NCB/W/10/4ka/2081/82 | NRs. 133500000 | 1. Bidder must have completed or substantially completed one Asphalt Concrete road project of intermediate lane and total length 5 km. and contract value NRs. 106800000 | NRs. 3800000 | NRs. 10000 | 120 days | |
| 8 | Upgradation of Chinni mill (Padam Sadak)-phulbariya-Basantapur- Hariharpur-Birta-Biranchibarba-2, Parsa | IDO/PAR/NCB/W/08/4kha/2081/82 | NRs. 131700000 | 1. Bidder must have completed or substantially completed one Asphalt Concrete road project of intermediate lane and total length 5 km. and value NRs. 105400000 | NRs. 3700000 | NRs. 10000 | 120 days | |

| S.N. | Name of Project | Contract Id. | Estimated Cost (without VAT & PS) | Minimum Work experience of similar size and nature | Bid Security | Bid Fee | Bid Validity | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Parsa Thori GA.PA.-3 Guhe khola ko Culvert . | IDO/PAR/NCB/W/11/2081/82 | 3924012.83 | NA | 120000 | 3000 | 90 days | 1 S /1 E |

Office Chief

## सम्पादकीय

# जिसस प्रतिनिधिले काम गर्न पाउन्

जिल्ला समन्वय समिति महासंघको ३०औं स्थापना दिवसका अवसरमा आयोजित कार्यक्रममा भेला भएका जिल्ला समन्वय समिति (जिसस )का प्रमुखहरुले आफूहरुको कामै नभएको गुनासो गरे । अनुगमन र समन्वय गर्ने काममा आफ्नो भूमिका हुने भएपनि भूमिका निर्वाह गर्न समस्या भएको उनीहरुको भनाईबाट संघीयता कार्यान्वयनमा शीर्ष दलबाटै कन्जुस्याई गरेको स्पष्ट हुन्छ । बजेट, योजना र कार्यादेशअनुसार काम भए नभएको जिल्ला समन्वय समितिले योजना बनाउनेदेखि अनुगमन समेत जिसस प्रतिनिधिले गर्न पाउनुपर्छ । तर, संविधान प्रदत्त काम गर्न समस्या भइरहेको उनीहरुको भनाईले सरकारको काम गर्ने शैलि र नियतमा प्रश्न उठेको छ ।

संघ सरकारलाई एकछिन छाडिदिउ, स्थानिय र प्रदेश सरकारले प्रभावकारी काम गर्न नसकेकै कारण संघीयातामाथी बेला बेलामा प्रहार हुने गरेको जगजाहेरै छ । स्थानिय र प्रदेश सरकार भन्दा कम चर्चामा रहने जिसस प्रमुखका भुमिकाका बारेमा आम नागरिकमा त्यति धेरै चासो छैन । त्यसकारण उनीहरुले काम पाएको वा नपाएको विषयमा उती धेरै टिका टिप्पणी हुँदैन । न त काम गरे वापत जस पाउछन्, न काम गर्न नसकेकोमा आलोचना । तर, सार्वजनिक फोरमहरुमा ' हामीले काम गर्न पाएनौं, तीनै तहका सरकारले हाम्रो महत्व बुझेनन्' आशयका प्रतिक्रिया सार्वजनिक हुँदै गर्दा भने काम नदिएको अभियोग तीनै तहका सरकारलाई लाग्छ । त्यसकारण पनि जिसस प्रमुखलाई काम गर्ने वातावरण बनाउन ढिला भैसकेको छ । सरकारमा बस्नेहरुले एकातिर वारम्बार 'हामी सुसासनका लागि काम गरिरहेका छौं' भन्ने अर्को तीर जिसस प्रमुखहरुलाई कामै गर्न नदिने आफैंमा परस्पर विवादित मात्रै छैन सरकार सञ्चालकको नियतै खराब हो कि भन्ने प्रश्न पनि उठेको छ । कुनै पनि पदमा बसेको व्यक्तिले काम गर्दा राम्रो गरेन भने उसलाई दण्ड जरिवानासहित कार्वाही समेत गर्ने अधिकार छ । तर, कसैलाई भुमिका अनुसार जिम्मेवारी नदिँदा भुमिकाका लागि छनौट भएको व्यक्ति बेकामी मात्रै हुँदैन उसले दिएका अभिब्यक्तिका कारण राजनीतिक दल र सरकारसमेत आलोचनाको हिस्सा हुने गरेको छ ।

सामाजिक, राजनीतिकलगायत अन्य धेरै क्षेत्रमा अहिले जुन खालको समस्या देखिएको छ । एकथरी मान्छेहरु यो सबै समस्यको जह संघीयता हो भनिरहेका छन् । संघीयता आफैंमा नराम्रो हुँदै होइन । कार्यान्वयनको सवालमा गर्नुपर्ने भुमिका निर्वाह नगर्नु चाँही समस्या हो । जिसस प्रमुखलाई निर्धक्क काम गर्ने वातावरणका लागि ऐन बनाउने वा अन्य केही गर्नुपर्ने छ भने बनाइहाल्नु पर्छ । संविधान संसोधनलाई मुख्य एजेण्डा बनाएर गठन भएको सरकार प्रमुखहरुलाई जिसस प्रमुखले काम गर्न पाएनौं भनेको सुन्दा थोरै भए पनि अप्ठ्यारो लाग्नु पर्ने हो तर, खै किन हो । अप्ठ्यारो माने जस्तो देखिँदैन । जिसस प्रमुखले काम गर्ने वातावरण बनेपछि स्थानिय र प्रदेश सरकारको कामको गति बढ्छ भन्ने हेक्का हुने हो भने सरकारको कामको गति मात्रै बढ्ने छैन सरकारमा बस्नेहरुको प्रभावकारिता पनि बढ्ने निश्चित छ ।

## पाठकवर्गमा अनुरोध

**अव यस प्रक्षेपण दैनिक पत्रिकाले हरेक दिन पत्र पञ्जुषा स्तम्भ सुरु गरेकाले पाठकवर्गहरुमा आफूले चाहेको विषयवस्तु, सरकारी निकायको काम कारवाही वा पत्रिकमा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएका त्यसलाई जस्तोको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ ।**

**– सम्पादक**

Prakshepannews@gmail.com
pnmarketing@gmail.com
prakshepandaily.com/nepali-category/e-paper

# यसो भए स्वदेशमै बस्छन् युवा



अमृता अनमोल

**युवालाई स्वदेशमै बस्ने र स्वदेशमै भविष्य खोज्ने बनाउन के गर्ने ? विदेश जाने युवाको लर्को बढिरहेका बेला हरेक ठाउँमा यस्तो बहस चलेको सुनिन्छ । तर, देशको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणको चाहना बोकेका युवा के चाहन्छन् ? त्यसबारेमा भने खासै छलफल हुँदैन ।**

गुल्मीको सिमलटारीका विकास पराजुली उच्च शिक्षा अध्ययनका लागि २०६५ सालमा बुटवल झर्नुभयो । त्यसको तीन वर्षपछि पत्रकारिता सुरु गर्नुभयो । ३२ वर्षिय विकासले बुटवलको लुम्बिनी टेलिभिजनसँगै काठमाडौँको एक अनलाइनलगायतका सञ्चारमाध्ययममा काम गर्नुहुन्थ्यो । खोज पत्रकारिता र भिडियोग्राफ्रीमा उहाँको राम्रो दख्खल थियो । त्यही विकासले पत्रकारिता मात्र होइन, देश नै छोड्नुभयो । उहाँ पुस दोस्रो साता देश छोडेर दक्षिण अमेरिकाको चिली जानुभयो । उहाँले पुस २१ मा चिली पुगेपछि लेख्नुभयो, "विवाह, परिवार, बालबच्चाको जिम्मेवारीले थिचिदै जाँदा शहरमा भाडामा बसेर एक पत्रकारको पाखुराले धान्न पक्कै गाहे रहेछ । शहरमा घर, घडेरी त यो कर्मबाट सोच्नुपरको हुने महशुस गरेपछि मेरो मन पनि सञ्चार कर्मलाई तत्काल स्थगित गर्ने निचोडमा पुगेको हुँ । जीवनको एउटा ऊर्जावान समय पत्रकारिता बिताएपछि अहिले केही कमाउन सकिन्छ कि भनेर पृथ्वीको एउटा कुनाबाट पल्लो छेउ आइपुगेको छु ।" पाल्पाको रिब्दिकोटका मुक्तिराम न्यौपाने कामको खोजीमा २०६२ मा बुटवल झर्नुभयो ।

बुटवलमा खाजा पसल खोल्नुभयो । कमाइ बढ्न थालेपछि बुबाआमालाई समेत गाउँ छोडेर शहर ल्याउनुभयो । खाजा पसलको बुबाआबुबाआमा, श्रीमती, छोराछोरीसहित छ जनाको परिवारको गर्जो चलाइरहनुभएको थियो । कोभिडपछि खाजाघरको चलहपहल घट्दै गयो । तर, छोराछोरी हुर्कदै जाँदा पढाइ खर्च बढ्दै गयो । विस्तारै खाजाघरको कमाइले धान्न सकेन । तिनै कमल ३६ वर्षको उमेरमा खाजाघर छोडेर विदेश जानुभयो । पुस अन्तिम साता उहाँ व्यवसाय बन्द गरेर फिनिडा पुग्नुभएको हो । "विदेश जान्न स्वदेशमै बस्छु भनेर उर्भर समयमा विदेश जाने मन गरिन ।

कमाएकाले खान पुगेको थियो । ठिकै थियो । तर, महँगी बढेको बढ्यै भयो । खानादेखि छोराछोरीको पढाइको खर्च धान्न यहाँ कमाएकाले पुगेन । त्यसैले खाजाघर बन्द गरेर विदेसिन बाध्य भएँ । खाजाघर चलाएको यहाँको अनुभवले फिनिडाको होटलमा काम गर्ने योजना छ" मुक्तिरामले सुनाउनुभयो ।

अवसर खोज्दै व्यक्ति एक ठाउँबाट अर्को ठाउँ वा एक देशबाट अर्को देशमा जानु सामान्य हो । अन्तर्राष्ट्रिय अभ्यास पनि हो । यसैले अवसरको खोजीमा हुने पलायन र बसाइसराइलाई अन्तर्राष्ट्रिय मुद्धा मानिन्छ । भनिन्छ, अवसरको खोजीमा हुने पलायन र बसाइसराइले एक स्थानको श्रम, शक्ति, सभ्यता र संस्कृति अर्को ठाउँमा पुग्छ । त्यसक्षेत्रको विकास र सम्बृद्धिमा सघाउँछ । त्यो राम्रै कुरा हो । विकसित देशले वस्तु निर्यात गरे सरह मान्छेको श्रम पनि किन्छन् । त्यही किनाइमा घर, गाउँनै रित्तो बनाउने गरी भयो भने त्यो दुःखद हुँदोरहेछ । अहिले नेपालमा त्यही भइरहेको छ । घर, गाउँ हुँदै शहर नै युवाविहीन हुन थालेका छन् ।

नेपालमा १६ देखि ४० वर्ष उमेर समूहका व्यक्तिलाई युवा मानिन्छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा युवाको जनसंख्या ४२.५६ प्रतिशत  अर्थात एक करोड २४ लाख १२ हजार एक सय ७३ छ । युवा परिवर्तनका संवाहक मानिन्छन् । काम गर्ने जोस, जागर र हिम्मत बोकेका व्यक्ति ठानिन्छन् । यति ठूलो युवा जनसङ्ख्या भएका बेला देशले विकास र परिवर्तनमा फड्को मार्नुपर्ने बेला हो । विडम्बना जनगणनाकै तथ्याङ्कअनुसार देशमा १९.८ प्रतिशत युवा पूर्ण बेरोजगार छन् । ३६ प्रतिशत युवा अर्धबेरोजगार छन् । अहिले युवा जम्मा हुने, योजना निर्माण गर्ने, अनुभव साटासाट गर्ने, युवा सूचना प्राप्त गर्ने, समीक्षा तथा मूल्याङ्कन गर्ने स्थान र वातावरणको खाँचो छ । तर, स्वदेशमा यस्ता ठाउँहरु समेत बनाइदिन सकेका छैनौं । यसैले धेरै युवा अहिले आफ्नो भविष्य स्वदेशमा होइन, विदेशमा खोजिरहेकी छन् । विदेश जाने भिसा लागेको दिन युवाहरु जीवनको स्वर्णिम ढोका खुलेको ठान्न थालेका छन् । कोही पढ्ने नाममा त कोही कमाउने नाममा स्वदेश छोडेको छोड्यै छन् । घर,गाउँ हुदै अहिले शहरबजार पनि युवाविहीन बन्दै गएका छन् ।

युवालाई स्वदेशमै बस्ने र स्वदेशमै भविष्य खोज्ने बनाउन के गर्ने ? विदेश जाने युवाको लर्को बढिरहेका बेला हरेक ठाउँमा यस्तो बहस चलेको सुनिन्छ । तर, देशको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक रूपान्तरणको चाहना बोकेका युवा के चाहन्छन् ? त्यसबारेमा भने खासै छलफल हुँदैन । यसले युवाहरु विदेश पलायन हुने परिपाटी अझ बढेको छ ।

वैदेशिक रोजगारीमा जाने धेरैजसो तीनथरि युवा देखिन्छन् । एकथरि युवा सम्पन्न परिवारमा हुर्किएका हुन् । उनीहरु जमिनदार, नेता, प्रशासकका छोराछोरी हुन् । ती युवा आफ्नो पुर्ख्यौली सम्पत्ति बोकेर उच्च शिक्षाका नाममा विदेश जान्छन् । पढाइभन्दा पनि उनीहरु कसरी त्यहाँ व्यवस्थित भएर भन्ने ध्याउन्नमा हुन्छन् । अभिभावकले कमाएको रकम उतै लैजान्छन् । यस्तो पलायनलाई रोक्न राज्यले युवा होइन, विदेशी नागरिक बनाउने नेता, प्रशासकलाई अवसर र सुविधाबाट वञ्चित गर्नुपर्छ ।

दोस्रोथरि धेरै युवा कमाउँदै पढ्दै गर्न विदेश पलायन हुन्छन् । उनीहरुको देखाउने काम पढ्ने भए पनि प्रमुख काम कमाउने हो । कमाउदै पढ्दै गर्छन् । काम गरेर केही जोड्छन् । आफूले स्वदेशमा भन्दा उता सुख सुविधा पाउने भएपछि उतै बस्ने प्रक्रिया थाल्छन् । मध्यमवर्गीय समुदायका यी युवाका लागि स्वदेशमै पढ्दै रोजगारी गर्दै गर्ने अवस्था हुने हो भने विदेश जान रोकिन्छन् ।

धेरै युवा अहिले काम गर्दै कमाउँदै गर्न चाहान्छन् । तर, नेपालमा कमाउँदै पढ्दै गर्न पाइने व्यवस्था छैन । सरकारले पढ्दै कमाउँदै गर्ने कार्यक्रम ल्याउने चर्चा धेरै गरेको छ । तर, अहिलेसम्म बताउने खालका युवाका कार्यक्रम छैनन् । सङ्घीय सरकार, प्रदेश र स्थानीय सरकार सबैले देशमा पढ्दै, कमाउँदै गर्ने व्यवस्था हो भने धेरै युवा विदेश पलायन हुनबाट रोकिनेछन् ।

तेस्रोथरि युवा रोजगारीका लागि देश छाडेका हुन्छन् । उनीहरु धेरै मध्ययम र निम्न वर्गका युवा हुन् । स्वदेशमा रोजगारी नपाएर वा पाएको रोजगारीबाट परिवारको गुजारा नचल्ने भएपछि वैदेशिक रोजगारीमा गएका हुन्छन् । त्यसका लागि युवालाई रोजगारीमा जोड्नुपर्छ । औद्योगिक विकास अन्तरगत साना, मध्यम, र ठूला उद्योगहरुको स्थापना गरी रोजगारीका अवसरहरु सिर्जना गर्नुपर्छ । युवालाई बजारमा बिक्नेखालका सीपमूलक तालिम, स्वरोजगारी र उद्यमशीलताका लागि आवश्यक तालिम दिनुपर्छ । स्वदेशमै रोजगार प्रवर्द्धन गर्न सरकारी अनुदान र सहज ऋणको व्यवस्था गर्नुपर्छ ।

एक उपायले मात्रै युवा स्वरोजगार बढाउन र युवाको पलायन रोकिदैन । त्यसका लागि तीनै तहका सरकारले स्थानीय स्रोत र साधनको पहिचान गर्ने जनशक्तिलाई रोजगार दिने नीति, भौगोलिक, अलौकिकपन झल्किने क्षेत्रको गरी पर्यटन व्यवसाय सञ्चालन गर्नुपर्ने हुन्छ । प्राविधिक शिक्षा बढाउने र युवाको रोजगारको समयको दर वृद्धि गर्ने हो भने केही हदसम्म धन कमाउने सपना बोकेर विदेसिन खोज्ने युवालाई नेपालमै रोक्न सकिन्छ ।

धेरै युवा आफ्ना लागि आफ्नै देशमा केही नयाँ सोच र योजनासहित आफूले काम गरौं भन्ने चाहन्छन् । त्यसका लागि राज्यले श्रम बजारको मागअनुरुप सीपयुक्त श्रम शक्तिको विकास गर्नुपर्छ । बजारको मागअनुसार जनशक्ति उत्पादन र आपूर्ति गर्नुपर्छ । श्रमिक र रोजगारदाताबीच श्रम अनुसारको पारिश्रमिक दिने वातावरण बनाइदिनुपर्छ । उद्यमशीलताको विकास गर्न, श्रमिक र रोजगारदाताबीचको सम्बन्ध बढाउन एवं न्यून ज्यालाको समस्या हटाउन सरकारी अनुगमन र निरीक्षण जरुरी छ । तीन तहकै सरकारले युवाको सीप, शिक्षा र उद्यमशीलता विकासका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन आवश्यक छ । दीर्घकालीन समाधानका रुपमा, उद्योग, कृषि, पर्यटन र सूचना प्रविधिमा युवाहरुलाई आकर्षित गर्ने खालका ठूला विकासका परियोजनाहरु शुरु गर्नु पर्छ । विदेश पलायन हुन लागेको युवालाई रोक्न उद्यमशील सीप विकास तालिम प्रदान गर्ने, सीप सिकेका युवालाई बैंक वित्तीय संस्थाबाट व्यवसायको लागि सहुलियत ब्याजमा ऋण उपलब्ध गराउने, युवालाई प्राविधिक तथा सूचना प्रविधि सम्बन्धित तालिम दिएर स्वदेशमै रोजगार सुनिश्चित गर्न सकिनेछ ।

शिक्षालाई वैज्ञानिक, व्यावहारिक र सीपमूलक बनाउँदै श्रमसँग जोड्ने हो भने युवाको पढाइले बेरोजगार बन्नुपर्ने छैन । प्राविधिक शिक्षा र रोजगारीसहितका सीपमूलक कार्यक्रम ल्याउने हो भने सीपअनुसार युवाले स्वदेशमै काम पाउनेछन् । कामअनुसारको आम्दानी भए युवा पलायन रोक्न सकिनेछ । कृषि उत्पादनमा युवालाई जोड्न सकियो भने स्थानीय उत्पादनलाई व्यावसायिक र 'लेबलिङ' एवं 'ब्रान्डिङ' गर्न सकिने छ । यसले युवामा रोजगारीको अवसर र आत्मविश्वास बढाउन सकिनेछ ।

देशको आर्थिक, सामाजिक तथा शासकीय पद्धतिको रूपान्तरणमा युवाको भूमिका ठूलो छ । यसर्थ, युवाका लागि रोजगारीमा जोड्ने शिक्षासँगै देश र समाजप्रति दायित्वबोध गराउने र श्रमप्रति सम्मान गर्ने संस्कारको विकास गर्न जरुरी छ । यसले शिक्षा र रोजगारीको खोजीमा विदेश जाने युवाको सङ्ख्या घटाउन सकिनेछ ।

विदेशमा सिकेको शिक्षा सीप एवं रकमलाई स्वदेशमा ल्याएर युवाहरुलाई स्वदेशमा बस्ने र स्वदेशमै भविष्य खोज्ने बनाउन सकिनेछ । युवालाई स्वदेशमै रोक्नका लागि सरकारले मात्र होइन, निजी क्षेत्र, गैरसरकारी सङ्घसस्था र समुदायको पनि सहकार्य आवश्यक छ । युवाशक्ति देशका मेरुदण्ड हुन् सरोकारवाला सबैले उनीहरुलाई स्वदेशमा सही अवसर र वातावरण प्रदान गर्नुपर्छ ।

युवाका नयाँ विचार र प्राविधिक ज्ञानलाई देशको विकास, राजनीति र निर्णय प्रक्रियामा लगाउन हरेक क्षेत्रमा सहभागी गराउनुपर्छ ।

# 'अनुदानभन्दा पनि प्रोत्साहन ठूलो रहेछ'



मनोज अधिकारी

**अकबरे मात्र होइन राईले यसवर्ष छ रोपनी जमिनमा काँक्रा खेती लगाएका थिए । उनले २० हजार केजीका दरले १६ केजी काँक्राको बियाँ बिक्री गरे । 'काँक्राको फल चैं बेच्दिन । यसो हटिया खर्च धान्नलाई दुई चार क्विन्टल बिक्छ ।' उनले भने । काँक्रामा डाउनी मिल्ड्यू र पाउडरे मिल्ड्यू रोगले समस्या ल्याएको छ ।**

सूर्योदय नगरपालिकाले २०७६ साउन ४ गते अगुवा अर्ग्यानिक तरकारी कृषकका रुपमा सम्मान गरेपछि सूर्योदय-१२ का मदनकुमार राईलाई व्यावसायीक कृषिकर्म गर्न थप ऊर्जा मिल्यो । "अनुदान भन्दापनि प्रोत्साहन ठुलो रहेछ ।" उनले भने , "कृषिमै रमाएको त तीन दशक बित्यो । तर, पालिकाले उत्कृष्ट कृषकका रुपमा सम्मान गरेपछि मलाइ थप व्यवसायीक बन्न ऊर्जा मिलेको हो । टनेल र अन्य बिउ बिजनमा अनुदान पनि पाएँ ।"

उनको ७० रोपनी जमिनमध्ये ५५ रोपनी खेतियोग्य छ । जहाँ अकबरे, काँक्रा, आलु, कागती, टमाटर, बन्दा कोपी, एभोकाडो, चिया र कफिको व्यवसायीक खेती भइरहेको छ । राईले यस पटक आठ रोपनी क्षेत्रफलमा रोपेको दश हजार बोट अकबरेबाट २३ लाख आम्दानी गरे । राईले भने,"फल सात लाखको बिक्यो । प्रतिकेजी ३५ हजारदेखि ५० हजारका दरले ४० केजी बियाँ बिक्री गर्दा करिब १६ लाख आम्दानी भयो । अकबरेले यो वर्ष २३ लाख आम्दानी गरेको छ । "

उनले उत्पादन गरेको अकबरे सामान्यतया कोसेलिका रुपमा बिक्री हुन्छ । उनलाई माग धान्न मुस्किल छ । भने,"फलभन्दा बढी बियाँ बिक्री हुन्छ । अचार बनाउन कोसेलिका रुपमा नेपाल र ईन्डियामा खपत भइरहेको छ । भारतबाट दैनिक पचास केजीको माघ छ । देशभरिबाट हाल ३० केजी बियाँको माघ छ । तर, न फल-न बियाँ दुबैको माघ पुरा गर्न सकिएको छैन । "

अकबरे मात्र होइन राईले यसवर्ष छ रोपनी जमिनमा काँक्रा खेती लगाएका थिए । उनले २० हजार केजीका दरले १६ केजी काँक्राको बियाँ बिक्री गरे । ' काँक्राको फल चैँ बेच्दिन । यसो हटिया खर्च धान्नलाई दुई चार क्विन्टल बिक्छ ।' उनले भने ।

काँक्रामा डाउनी मिल्ड्यू र पाउडरे मिल्ड्यू रोगले समस्या ल्याएको छ । काँक्रामा पात पहेँलो हुने र बोट हुर्कन नदिने समस्या देखिएको छ भने अकबरेमा थुप्रै समस्या आउन थालेका छन् । "जरादेखि मास्तिर माटो छेउको खुल्ला आकासे भागमा कुहिने र ओइलिएर मर्ने विकराल समस्या अकबरेमा देखापरेको छ ।" उनले भने "एन्थ्रा कनोज नामको रोगले फलमै कालो धब्बा आउन थालेको छ । बारी सुद्ध गर्नु र खेतीलाई अर्ग्यानिक बनाउँदा समस्या समाधान हुन्छ । "

याम अनुसारको खेती गरेर मनग्गे आम्दानी लिइरहेका राई दम्पत्तिले अकबरे र काँक्रा बाहेक आलु, कागती, एभोकाडो, चिया र कफिको समेत व्यवसायीक खेती गरिरहेका छन् । "पाँच मन(प्रति मन ४० केजी) आलु रोपेका छौं ।' मदनकी श्रीमती चन्द्रमाया राईले भनिन्, 'नौ रोपनीमा दुई सय ५० बोट कागती छन् । पोहोर साल एक लाख २० हजारको बेचेका थियौं । यो वर्ष एक लाख ८० जत्तिको हुन्छ होला । कागती केजीको दुईले बिक्दैछ । "उनीहरुले एभोकाडो लगाएको तीन वर्ष भयो । चन्द्रमायाले भनिन् "१३ रोपनीमा तीन सय बोट एभोकाडो छ । तर, उत्पादन दिन थालेको छैन । अब दुई वर्षपछि आम्दानी सुरु हुन्छ ।" अन्य खेती गर्न भ्याईनभ्याई हुने राई दम्पतिले ११ रोपनीको चियाबारी भने ठेक्कामा दिएका छन् । "चियामा अलिक अलमल हुन्छ । धाईरहनु पर्छ । त्यै भएर अरुलाई दिएको । उनिहरुले ठेक्का बुझाउँछन् । "मदन भन्छन्, "अब कफि लगाउने योजनामा छु । चार सय बिरुवा ल्याइसकेँ । जम्मा एक हजार रोप्ने तयारी छ । यो चैं मेरो पेन्सनजस्तै पछि बुढेसकालमा बेचिखाने ।"

मदनलाई बारीको तल्लो भेगतिर बाँदरले दुःख दिन थालेको छ । अब, बाँदर पन्साउन उनले टमाटर र बन्दा कोपीको खेती लगाउँदै छन् । "फागुन लागेपछि १५ हजार बन्दा र तीन हजार टमाटर रोपेर बाँदर आतङ्क हेर्नुछ ।" उनको ७० रोपनी जमिनमध्ये ५५ रोपनी खेतियोग्य छ । "अझै २० रोपनी थपौं भनेको बच्चाले मानेनन् । अब बजारमा घडेरी जोड्नुपर्छ भन्छन्, "उनले भने ।

घरमा मदन र उनकी श्रीमती चन्द्र मात्र बस्छन् । बारीमा काम गर्ने दिनहुँजसो चार जना खेताला हुन्छन् । छोरी स्वेच्छा इलाम विव्ल्याँटेस्थित प्राइम बैंककी कर्मचारी छिन् । छोरा धनकुटाको पाख्रिबासमा बिएससीएजि सातौँ सेमेस्टरमा अध्ययनरत छन् ।

"धेरै काम परेको दिन २० जना पनि खेताला हुन्छन् । सिस्टममा गएर काम गर्दा ५०-५५ रोपनीमा खेती गर्न धेरै जनशक्ति लाग्दैन । तर, काम चैं सिस्टममा गर्नुपर्यो ।" मदन भन्छन्, '"वर्षमा खर्च कटाएर १२-१४ लाख बचत हराउँदैन ।' राईको गोठमा दुई माउ गाई छन् । 'गाईको मल मुत्रले खेती अर्ग्यानिक बनाउँन सहयोग मिल्छ । गोबरभन्दा गहुँद बढी उपयोगी हुन्छ ।'" उनले भने । उनी कृषक मात्र होइन कृषि विज्ञ पनि हो । नगरपालिकाले आयोजना गरेका धेरै तालिममा गएर उनले अन्य किसानलाई कृषि समस्या, चुनौती र सम्भावनाका बारेमा जानकारी गराउछन् ।

सूर्योदय नगरपालिकाले मदनजस्ता सफल र व्यवसायीक किसानलाई प्रोत्साहित गर्दै आएको छ । विभिन्न कार्यक्रमको अवसरमा उत्कृष्ट किसानको रुपमा सम्मान गर्ने गरिएको नगरप्रमुख रणबहादुर राईले बताए ।

किसान लक्षित थुप्रै अनुदानका कार्यक्रम छन् । यहीँ रहेर व्यवसायीक खेती गर्ने मदन जस्ता किसानका लागि नगरपालिका सँधै साथमा रहेको नगरप्रमुख राईले बताए । "ऊर्जा, जोस र जाँगर लिएर पालिकाभित्रै व्यवसायीक बन्न चाहाने कृषकलाई हामीले सकेसम्म अनुदान नै दिईरहेका छौं । "उनले भने "सूर्योदय पर्यटन र कृषिबाट नै आर्थिक समृद्धि हाँसिल गर्ने लक्ष्य लिएर अघि बढेको पालिका हो । यहाँका सबै किसान मेहेनती हुनुहुन्छ ।"

# रहरले निजी हात्ती पाल्ने व्यवसायी मारमा



चितवन । सौराहाको होटल भिष्टा चितवनका २ हात्ती अहिले बाघमारा वनमा राखिएका छन् । बढ्दो चिसोमा ती हात्ती खुला आकाशमुनि बाँधिएका छन् ।

निजी हात्तीका कारण जङ्गली हात्ती बस्तीमा आएको भन्दै ती हात्तीलाई वन क्षेत्रमा राखिएको हो । होटलमा हात्ती राख्नका लागि छानो हालिएको भए पनि अहिले राखिएका ठाउँमा त्यो सुबिधा छैन । होटल भिष्टा चितवनका सञ्चालक रमेश सिलवाल शीतलहरमा खुला आकाशमुनि हात्ती राख्नुपर्दा बिरामी हुने चिन्ता बढेको बताउँछन् । उनले भने, ‘ पहिले पहिले हात्ती पाल्न रहर हुन्थ्यो, अहिले कहर भएको छ । पालिएका हात्ती न आफ्नै हात्ती सारमा राख्न पाइएको छ, न बिक्री गर्न पाइन्छ, न कतै पठाउन सकिन्छ ।’ पशु अधिकार भन्दै पर्यटकलाई घुमाउँदा समेत आरोप खेप्नुपरेको उनको गुनासो छ ।

एउटा हात्तीलाई २ जना माउते आबश्यक पर्दछ । यसका अतिरिक्त हात्तीलाई धान, पराल, भेली, चना, हरियो घाँस आदि जुटाएर पाल्नुपर्दा १ महिनामा १ लाखभन्दा बढी खर्च हुने उनले जानकारी दिए । मौसममा जङ्गली भाले हात्ती बस्ती पस्न थालेपछि स्थानीयले एकीकृत रुपमा हात्ती पाल्न दबाब दिँदै आएका छन् । जङ्गली हात्तीले होटल तथा व्यक्तिका घरमा मालिएका पोथी हात्ती खोज्दै बस्ती पस्ने गरेको स्थानीयको भनाइ छ । केही महिनाअघि देखि जङ्गली हात्ती ‘मकुना’ बस्ती छिर्दै आएको छ । पछिल्ला दिनमा निजी हात्ती सञ्चालकहरूमा आफूले पालेका हात्ती कसरी व्यवस्थित गर्ने भन्ने चिन्ता बढेको छ । चितवन राष्ट्रिय निकुञ्ज स्थापना भएसँगै निकुञ्ज आसपासका क्षेत्रमा हात्ती पाल्न थालिएका हुन् ।

क्षेत्रीय होटल संघ सौराहाका पूर्वअध्यक्ष दीपक भट्टराई एकीकृत रूपमा हात्ती पाल्नका लागि सरकारी तवरबाट सहयोग हुनुपर्ने बताउँछन् । यो समस्या अहिलेको मात्र नभएर विगतका वर्षहरूदेखि झेल्दै आएको उनको भनाइ छ । पूर्वअध्यक्ष भट्टराईका अनुसार हात्तीको दैनिक आहार खर्च अत्यधिक बढेको, निकुञ्ज आउने पर्यटकको संख्या घटेको, पशुअधिकारका नाममा हात्ती चढ्नु अपराध हो भन्ने भाष्य सिर्जना गरिएको र जङ्गली हात्तीको आतंकका कारण आअवश्यक स्याहारसुसारसहित घर कम्पाउन्डमा पाल्न नपाउने भएकाले हात्तीपालकहरूले अहिले अप्ठ्यारो अवस्था झेलिरहनुपरेका छ ।

‘जीप सफारी’सहित हात्ती चढी दुर्लभ एकसिङ्गे गैंडा, बाघ, चराचुरुङ्गी लगायत अनेकौं जीवजन्तु हेरी रमाउने पर्यटकका कारण चितवन राष्ट्रिय निकुञ्जमा स्वदेशी तथा विदेशी पर्यटकको आकर्षणको केन्द्र बनेको बताउनुहुन्छ, क्षेत्रीय होटल संघका अध्यक्ष गङ्गा गिरी बताउँछन् ।

यसैगरी, स्थानीय पर्यटन तथा होटल व्यावसायी सिलवालका अनुसार हात्तीपालनमा संलग्न व्यवसायीलाई सहयोगसहित कुनै पनि किसिमको सहुलियत नदिने हो भने यो व्यवसायबाट सबै विस्थापित हुने र त्यसको नकारात्मक प्रभाव निकुञ्ज केन्द्रित होटल व्यवसाय, रोजगारी र राजस्वमा असर पर्ने भएकाले समयमै सम्बन्धित पक्षका ध्यान जान आवश्यक छ ।

स्वदेश तथा विदेशमा समेत कहलिएको निकुञ्ज २०३० सालमा स्थापना भएको हो । सुरुका केही वर्ष निकुञ्जका हात्तीले पर्यटक घुमाउने गरेकोमा पछिल्ला वर्षहरूमा क्रमशः निजी क्षेत्रबाट पालिएका हात्तीलाई पनि भित्र्याइएको छ । कोभिडको महामारीअघिसम्म एउटा हात्तीको मूल्य भारतीय ८० लाख रुपैयाँसम्म पर्ने गरेको व्यावसायीहरू बताउँछन् ।

युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाका अध्यक्ष दीपेन्द्र खतिवडाले यसरी हात्तीको दैनिक खर्च अत्यधिक हुने गरेको, विशेषगरी विदेशी पर्यटक हात्ती चढ्न छाडेको र यसअघिजस्तो आफ्नो घर कम्पाउन्डमा पाल्न नपाउने अवस्था सिर्जना भएकाले हात्ती पालक व्यवसायी मारमा परेका बताउँछन् । पर्यटकीयस्थल सौराहा आउने पर्यटकको संख्या कम हुन थालेपछि क्रमशः घट्दै १०० बाट अहिले यहाँ ४५ वटा मात्र निजी हात्ती रहेका अध्यक्ष खतिवडाले जानकारी दिए । तीमध्ये ३० वटा युनाइटेड हात्ती सञ्चालन सहकारी संस्थाअन्तर्गत रहेका छन् ।

अध्यक्ष खतिवडाले भने, ‘निजी जग्गामा राख्दा वरिपरि घर हुन्छ । सामुदायिक वा मध्यवर्ती वन क्षेत्रका खाली ठाउँ पाए हामी एकीकृत गरेर हात्ती राख्न तयार छौं ।’ सधैंका लागि एकीकृत ढङ्गबाट हात्ती राख्ने ठाउँको व्यवस्था भए आवश्यक संरचना व्यवसायी आफैंले बनाउने उनले बताए । हात्ती व्यक्तिको भए पनि कानूनका हिसाबले हात्ती सरकार ीसरह नै हुने गर्दछ । हात्तीको किनबेच, ओसारपसार, मरेपछिको व्यवस्थापन लगायतका काममा सरकारको प्रत्यक्ष निगरानी हुने व्यवस्था छ ।

क्षेत्रीय होटल संघका अध्यक्ष गिरी निजी हात्ती आफ्नो जमिनमा नराख भन्न नसकिने उल्लेख गर्दै एकीकृतस्थल व्यवस्थापनका पक्षमा पहल भइरहेको बताउँछन् । उनले भने, ‘बाघमारा र चित्रसेन वनक्षेत्रभित्र हात्ती राख्नका लागि ठाउँ छुट्याइदिनसक्यो भने अहिलेको समस्या समाधान हुन्छ ।’ सफारी पर्यटनमा हात्तीको भूमिका महत्वपूर्ण छ । यहाँ आउने पर्यटकले हात्ती चढेर तिनै २ वनभित्र घुम्ने गर्दछन् ।

चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. गणेश पन्त निजी हात्ती व्यवस्थापनको बिषयमा छलफल भइरहेको बताउँछन् । एकीकृत रूपमा हात्ती राख्न सकेमा अहिले देखिएको समस्या केही हदसम्म कमी आउने उनको भनाइ छ । डा. पन्तले सरकारी जमिनमा निजी हात्ती राख्नका लागि नीतिगत रूपमा कानूनी व्यवस्था हुनुपर्ने भएकाले सम्बद्ध क्षेत्रका व्यवसायीको मागबमोजिम समस्या समाधान गरिने प्रतिबद्धता व्यक्त गरे । (नारायण अधिकारी/रासस)


जोशीपुर गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**जोशीपुर, कैलाली**

**सुदुरपश्चिम प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः२०८१/१०/१५)**

यस कार्यालयबाट मिति २०८१।०८।२७ गते प्रक्षेपण रास्ट्रिय दैनिक पत्रिका तथा PPMO को E-Procurement Portal मा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रहरु न्युनतम मुल्याङकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ को प्रयोजनार्थ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७(२)बमोजिम स्वीकृतिको आशयको सुचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिलः

| सि.नं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु ( भ्याट र PS बाहेक) |
|---|---|---|---|---|
| 1 | 6/JRM/NCB/ WORKS/ 2081/082 | **Janaprakash ma bi ma Prakhal Nirman r Khelmaidan ma Mato patani** | **Meliva Nirman Sewa,Janaki-7 Kailali** | **19,00,724.80** |

प्रमुख प्रशासकीय अधिकृत



Jagadulla Rural Municipality

**Office Of Rural Municipal Executive**

Karnali Province

Jagadulla, Dolpa

## Letter of Intent

**Date of Publication: 2081/10/15 (28th Jan 2025)**

This is notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that ,we are going to award following contracts as per, IFB No: 1-2081/082 published on Prakshepan National Daily published on 2081/08/07, to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S.N | Contract ID No. | Name Of Project | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount With VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | JRM/NCB/ works-1/2081-082 | Gaupalika Centre Road Upgrading Works | Gangamala Nirman Sewa, Surkhet | 120,28,539.22 |

**Acting Chief Officer**



## Bigu Rural Municipality

**Office of the Rural Municipal Executive**

**Laduk, Dolakha**

**Bagmati, Province,Nepal**

**First date of publication : 15 Magh, 2081(28,Jan,2025)**

The Bigu Rural Municipality,Laduk,Dolakha invites electronic bids from eligible bidders as below.For further information visit PPMO'S website www.bolpatra.gov.np/egp or visit www.bigumun.gov.np.The summary of contract is tabulated below:

| S.No | Contract Identification No. | Description of Works | Bid Security amount NRs. | Bid document fee(non-refundable) NRs. | Bid validity/Bid security validity period | Last date of bid submission | Last date of bid opening |
|---|---|---|---|---|---|---|---|
| 1. | BRM/SQ/GOODS/ MEDI/ DOLAKHA/06/2081/82 | Procurement of medicine for Dirgharogi | NRs. 35,000 | NRs.1,000 | 45 days/75 days | **30th Magh 2081 at 12:00 Noon** | **30th Magh 2081 at 2:00 P.M.** |

Information to deposit the cost of bid document:NIMB,Singati,Dolakha

Office account Details:06701400250009(Rajaswa khata no)

**Acting Chief Administrative Officer**




## लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धि ३५ दिने सुचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०४/१२ मा प्रा.लि न. ७४५१९/०६७/०६८ मा दर्ता भएको भिगोर ईन्टरनेशनल प्रा.लि को मिति २०८१/१०/१३ मा सम्पन्न बिशेष साधारण सभाको बिशेष निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनी संग कोहि कसैलाई कुनै किसिमको लेनदेन वा बाकिँ बक्यौता रहे भए यो सुचना प्रकाशित गरीएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटरको कार्यलयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सुचना जारी गरीएको छ।

**लिक्विडेटर** : ईश्वरी प्रसाद पौडेल (ईजाजत नं ४११)
का.म.न.पा १० बुद्धनगर फोन न. ९८५१०००५२०


## आवश्यक टेलिफोन नम्बरहरु

| प्रहरी तथा एम्बुलेन्स | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१०७ |
| जिल्ला पहरी भक्तपुर | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |
| **अस्पताल र विविघ** | |
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पातल | ५५२२२७८ |
| भक्तपूर अस्पताल | ६६१०६९६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण | ४४७६१५२ |
| अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपूर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४३७१३२२/४३७१३७४ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बलेन्सर शवव(ाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालय र शववाहन सेवा | |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्स र रक्तसञ्चार सेवा नेसनल** | |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| हयाम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा | |
| प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८८१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि ,बानेश्वर | ४४७४९६८/४४८९८९१ |
| **शववाहन र विविध** | |
| सामुदयिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोगबु | ४३८३१५२/४३८०४८ |
| नेपाल चेम्बर अफ कमस | ४२३०२१३ |
| पशुपति आइघाट सेवा केन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |



सुन चाँदी बजार मूल्य

| | |
|---|---|
| छापावाल प्रतितोला | १,५९,६०० |
| चाँदी प्रतितोला | १८७५ |



म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ दोसल्लेमा आइतबार बजार पठाउनका लागि बगैँचाबाट टिपेर सङ्कलन गरेको सुन्तला ग्रेडिङ गरिँदै । पैँतालिस घरपरिवारको बसोबास रहेको दोसल्लेमा यस वर्ष रु एक करोड ६५ लाख मूल्य बराबरको सुन्तला फलेको दोसल्ले सुन्तलाजात कृषक समूहले जनाएको छ ।

तस्बिरः सन्तोष गौतम/रासस

# चेम्बर एक्स्पोको आठौँ संस्करण माघ १७ गतेदेखि सुरु हुँदै




काठमाडौँ। नेपाल चेम्बर अफ कमर्शको आयोजनामा आठौँ संस्करणको चेम्बर एक्स्पो, २०२५ यही माघ १७ गतेदेखि काठमाडौँको भृकुटीमण्डपमा आयोजना हुनेभएको छ । अन्तर्राष्ट्रिय स्तरका सफ्टवेयर र आर्टिफिसियल इन्टेलिजेन्सी (एआई) परियोजनासहित एक्स्पो आयोजना हुन लागेको आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । स्थानीय उत्पादनको प्रबर्द्धन एवं बजारीकरण तथा व्यापार अभिवृद्धि गर्ने उद्देश्यले एक्स्पो आयोजना गर्न लागिएको चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले बताए ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतको व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रको सहकार्यमा एक्स्पो आयोजना गर्न लागिएको हो । एक्स्पोमार्फत नेपाली उत्पादनको बजारीकरणलाई विशेष जोड दिँदै व्यावसायीक क्षेत्रलाई एकीकृत गर्ने उद्देश्य लिइएको उनको भनाइ छ ।

चेम्बरका निवर्तमान अध्यक्ष राजेन्द्र मल्लले नेपालको सूचना प्रविधि उद्योगलाई अन्तर्राष्ट्रिय आईटी कम्पनीको 'ब्याकअप'का रुपमा विकास गरिनुपर्नेमा जोड दिए। व्यापार तथा निकासी प्रबर्द्धन केन्द्रका कार्यकारी प्रमुख शरद विक्रम राणाले देशभित्र खपत हुने सफ्टवेयरको प्रयोग गर्दा आन्तरिक उत्पादन एवं प्रतिस्पर्धाकै आधारमा चयन गरिनुपर्नेमा जोड दिए। क्षेत्रीय एवं अन्तर्राष्ट्रिय व्यापारिक समुदायको प्रत्यक्ष सहभागिताले अन्तर ाष्ट्रिय क्षेत्रमा भइरहेका आर्थिक गतिविधि, प्रविधिको प्रयोग एवं व्यापार व्यवस्थापनका नयाँ आयामलाई नजिकबाट नियाल्न एक्स्पो सहयोगी हुने एक्स्पो समितिका सभापति राष्ट्रभुषण चाकुबजीले बताए । चेम्बर अफ कमर्शका सूचना प्रविधि समति सभापति विज्ञान श्रेष्ठले एक्स्पोमा यसपटक आईटी उत्पादनहरुलाई उच्च प्राथमिकतामा राखिएको बताए ।

विगतमा झैं यस वर्ष पनि एक्स्पोमा कृषिजन्य वस्तु, हस्तकला, लत्ताकपडाका सामान, अटोमोबाइल, विद्युतीय सामग्री, घरेलु उपकरण, कपडा, फर्निचर, गार्मेन्ट, छालाका सामान, गहनाका सामान, सौन्दर्य प्रशाधन, खाद्यान्न तथा दुग्ध उत्पादन प्रदर्शनीका लागि राखिनेछन् । एक्स्पोमा नेपाल, बङ्गलादेश, भारत, चीन, थाइल्याण्ड, युएई, दक्षिण कोरिया, मलेसिया, पाकिस्तानलगायतका देशमा उत्पादित वस्तुहरुको समेत प्रदर्शनी हुनेछ। कूल एक सय २५ भन्दा बढी स्टल रहने एक्स्पो कम्तीमा ५० हजार दर्शकले अवलोकन गर्ने अपेक्षा आयोजकको छ ।

# सम्पत्ति शुद्धीकरण मामिलामा जोखिमयुक्त देशमा नेपाल सूचीकृत हुन सक्ने

काठमाडौँ ।सम्पत्ति शुद्धीकरण मामिलामा जोखिमयुक्त देशमा सूचीकृत हुन सक्ने देखिएको छ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले नेपाल सम्पत्ति शुद्धीकरण मामिलामा जोखिमयुक्त देशमा सूचीकृत भई अन्तर्राष्ट्रिय अनुगमनमा जान सक्ने सम्भावना रहेको जनाएका छन् ।

सम्पत्ति शुद्धीकरण निवारण प्रथम राष्ट्रिय दिवसमा सोमबार आयोजित कार्यक्रममा गभर्नर अधिकारीले यस्तो धारणा सार्वजनिक गरेका हुन् ।

उनका अनुसार सम्पत्ति शुद्धीकरण मामिला अनुगमन गर्ने निकाय, फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) एसिया प्यासिफिक ग्रुप एपीजीले नेपाल जोखिमपूर्ण देश (ग्रे लिस्ट) मा जाने अवस्था देखाएको छ। आर्थिक अपराध नियन्त्रणमा नेपालको प्रयासलाई एपीजीले उच्च, राम्रो, मध्यम र न्यून भनी वर्गीकरण गर्दा नेपाल ग्रे लिस्टमा पर्ने सम्भावना रहेको छ । एफएटीएफले सम्पत्ति शुद्धीकरण गैह्रकानुनी क्रियाकलाप निवारण गर्ने उद्देश्यसाथ निर्धारण गरेका अन्तर्राष्ट्रिय मापदण्ड पूरा नभएका आधारमा एपीजीले सम्पत्ति शुद्धीकरण कालोसूचीमा लैजाने गभर्नर अधिकारीले जनाए।

एफएटीएफले १७ देखि २१ फेब्रुअरीसम्म गर्ने मूल्यांकनमा नेपालका सबै रिपोर्ट हेरेर ग्रे लिस्टमा राख्ने वा नराख्ने निर्णय हुने बताउँदै उनले नेपाल सम्पत्ति शुद्धीकरण ग्रे लिस्टमा समावेश भए पनि चाँडै बाहिर निस्किने धेरै आधार बनेको विश्वास दिलाए ।

नगद कारोबार बढी जोखिमयुक्त हुन्छ। त्यसैले थ्रेस होल्ड तोकिएको छ । पछिल्ला दिनमा डिजिटल कारोबार बढ्दै गएको छ। त्यसमा पनि प्रशस्त मात्रामा फल्ट हुने र टेक्नोलोजी एडभान्समेन्टको फलस्वरूप क्रिप्टो लगायतमा आफ्ना सम्पत्ति लैजाने प्रयोग बढ्न थालेका छन् । क्रिप्टोलाई पनि जोखिम मानिएको छ । कुनै पनि काम गर्दा जोखिम छ भन्ने होइन । नयाँ-नयाँ रूपमा जोखिम आइरहेका हुन्छन् । त्यस्ता जोखिमलाई न्यूनीकरण गर्न तर्फ लाग्नुपर्ने हुन्छ ।

कुनै पनि व्यक्तिले गैरकानुनी हिसाबमा सम्पत्ति आर्जन गर्छ भने उसले भोलिका दिनमा सोच्न हुर्मत नै नराख्ने गरी कारबाही हुन आवश्यक उनले बताए।

उनका अनुसार कसैको स्तरोन्नतिले समेत यस्तो खालको काम गर्न नहुने रहेछ भन्ने गरी कारबाही हुनुपर्छ । गैरकानुनी काम एक ठाउँमा गर्दा त्यसको असर विश्वभरि पर्छ । अन्तर्राष्ट्रिय रूपमा पनि प्राथमिकता साथ नियमन र नियन्त्रण गर्ने गरिएको छ ।

एसिया प्रशान्त क्षेत्रमा 'एसिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ' (एपीजी) ले मूल्यांकन गर्ने गरेको छ। यो क्षेत्रमा सुधार भए/नभएको हेरेर एपीजीले सम्पत्ति शुद्धीकरण कालोसूचीमा लैजान्छ। नेपाल तेस्रो मूल्यांकनपछि अब्जरभेसन सकिएको छ।

क्यापिटल मर्चेन्ट बैकिङ एण्ड फाइनान्सले एकैपटक १३ वर्षको साधारण सभा बोलाउँदै

काठमाडौँ । क्यापिटल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्सले एकैपटक १३ वर्षको साधारण सभा डाकेको छ। माघ ११ गते बसेको सञ्चालक समितिको बैठकले कम्पनीको १०औंदेखि २२औंसम्मको वार्षिक साधारण फागुन ५ गते बिहान ९ बजे काठमाडौंमा डाकेको हो ।



नेपाल राष्ट्र बैंकले क्यापिटल मर्चेन्ट बैंकिङ एण्ड फाइनान्सलाई २०६९ माघमा समस्याग्रस्त घोषणा गरेको थियो । त्यसयता कम्पनीले नियमित साधारण सभा गर्न सकेको थिएन । तर, १२ वर्षपछि भने कम्पनीले एकैपटक १३ आर्थिक वर्षको वार्षिक साधारण सभा आह्वान गरेको हो ।

एकैपटक १३ वर्षको साधारण सभा बोलाएपनि कम्पनीको वित्तीय परिसूचकमा भने सुधार नआएको स्रोतको भनाइ छ । अपेक्षा अनुसार कर्जा असुली नभएकाले तत्काल समस्याग्रस्त संस्था घोषणाबाट फुकुवा नगरिने राष्ट्र बैंक स्रोतले जनाएको छ ।

समस्याग्रस्त घोषणापश्चात् कम्पनीले लगानी गरेका कर्जा असुलीमा कम्पनी र ऋणी तथा जमानीकर्ता पक्षबाट गठित कार्यदलबीच भएको दुई पक्षीय तथा वित्तीय संस्था ऋण चुक्ता कार्यदल र राष्ट्रिय समृद्ध आवास विशिष्टीकृत सहकारी संघबीच भएको त्रिपक्षीय (इस्को) सम्झौता अनुमोदन र सम्झौता कार्यान्वयन गर्न संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्नेछ ।

यसैगरी सभाले संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ३ जना र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने २ जना गरी कुल ५ जनाको निर्वाचन गर्नेछ। राष्ट्र बैंकबाट समस्याग्रस्त घोषणा गरेपश्चात् संचालक समितिको सदस्यहरूमा भएको हेरफेर, नयाँ संचालक समिति गठन र नयाँ गठित संचालक समितिको हैसियतबाट कम्पनीमा तत्कालीन समयमा भएका कार्यलाई अनुमोदन गर्नेछ ।

कम्पनीका अनुसार आर्थिक वर्ष (आव) २०६७/६८, आव २०६८/६९ र आव २०६९/७० को एमबि श्रेष्ठ एण्ड कम्पनी, आव २०७०/७१ को गोपाल श्रेष्ठ एण्ड कम्पनी, आव २०७१/७२, आव २०७२/७३ र आव २०७३/७४ को आरएस एण्ड चार्टर्ड एकाउण्टेण्ट्स, आव २०७४/७५, आव २०७५/७६ र आव २०७६/७७ को वाग्ले एण्ड एशोसिएटस, आव २०७७/७८, आव २०७८/७९ र आव २०७९/८० को विशाल एण्ड एशोसिएट र आव २०८०/८१ को रिजाल एण्ड एशोसिएटस् चार्टर्ड एकाउन्टेन्टस वाह्य लेखा परीक्षकमा नियुक्त भएका थिए। उनीहरूको नियुक्ति तथा पारिश्रमिक अनुमोदन गर्ने प्रस्ताव पारित गर्नेछ । साथै आव २०६७/६८ देखि आव २०७९/८० सम्मको सञ्चालक समितिको वार्षिक प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन पारित गर्नेछ ।

# बिजुली बेच्ने बजार सुनि( श्चत भएकोले लगानी गर्न मन्त्री खड्काको आग्रह

काठमाडौँ। उत्पादित विद्युतको बजार सुनिश्चित रहेको जनाउँदै ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जलविद्युत् क्षेत्रमा लगानी गर्न आग्रह गरेका छन्। रेमिट हाइड्रोले ताप्लेजुङको धुन्साखोलामा निर्माण गर्न लागेको ७७.५ मेगावाटको धुन्साखोला जलविद्युतको वित्तीय व्यवस्थापन हस्ताक्षर समारोहमा मन्त्री खड्काले यस्तो बताएका हुन्।

उनका अनुसार सन् २०३५ सम्म आन्तरिक खपत १३ हजार ५ सय मेगावाट र १५ हजार मेगावाट विद्युत् छिमेकी मुलुक भारत र बंगलादेशमा बिक्री गर्ने भनिएको छ। उत्पादित विद्युतको बजार सुनिश्चित भइसकेकाले यस क्षेत्रमा ढुक्क भएर लगानी गर्न मन्त्री खड्काले विश्वास दिलाए। विद्युत् उत्पादनसँगै प्रसारण लाइन विस्तारको कामलाई समेत सरकारले उच्च प्राथमिकतामा राखी काम अगाडि बढाइरहेको बताउँदै मन्त्री खड्काले निजी क्षेत्रले समेत प्रसारण लाइन निर्माण गर्न सक्नेगरी व्यवस्था मिलाइएको बताए ।


**Government of Bagamati Province**
**Ministry of Health**
**Health Logistics Management Center**
Hetauda, Nepal

**Invitation for Bids**

Date of publication: 2081/10/15 BS (2025/01/28 AD)

The Health logistics Management Center, Hetauda invites *electronic* bids from eligible bidders for the procurement of *following goods* under National Competitive Bidding. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of *Health Logistics Management Center, Hetauda, Phone No: 977- 057520547, email address: info.hlmc@bagamati.gov.np* or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.

| S. N. | Contract Identification IFB No: | Quantity | Minimum Bid Security Amount (NRs.) | Cost of Bid documents (NRs.) | Bid Security Validity |
|---|---|---|---|---|---|
| 1 | SUPPLY, DELIVERY AND INSTALLATION OF LABORATORY EQUIPMENT FOR QUALITY CONTROL LAB; HLMC/G/NCB-19/2081-82 | As per BOQ | 75,000.00 | 3,000.00 | 2082/03/14 BS (2025/06/27 AD) |
| 2 | SUPPLY, DELIVERY AND INSTALLATION OF ANALYTICAL INSTRUMENT FOR QUALITY CONTROL LAB; HLMC/G/NCB-20/2081-82 | As per BOQ | 1,38,000.00 | 3,000.00 | 2082/03/14 BS (2025/06/27 AD) |

Director


## नेपाल राष्ट्र बैंकले तोकेको विनियम दर

स्रोत : नेपाल राष्ट्र बैंक

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १३७.८२ | १३८.४२ |
| अमेरिकी डलर | १ को | १४३.९६ | १४४.५९ |
| युरो | १ को | १७०.३४ | १७१.०८ |
| पाउण्ड स्टलिङ | १ को | १५२.४१ | १५३.०७ |
| स्विस फ्रैन्क | १ को | ८६.६८ | ८७.०६ |
| अष्ट्रेलियन डलर | १ को | ९६.२५ | ९६.६७ |
| क्यानाडियन डलर | १ को | १०१.८९ | १०२.३३ |
| सिंगापुर डलर | १ को | ८.८५ | ८.८८ |
| जापानी येन | १० को | १८.९६ | १९.०५ |
| चिनियाँ युआन | १ को | ३६.७४ | ३६.९ |
| साउदी अरब रियाल | १ को | ३७.८ | ३७.९६ |
| कतारी रियाल | १ को | ४.०८ | ४.०९ |
| थाई भाट | १ को | ३७.५२ | ३७.६९ |
| दिराम | १ को | ३१.०७ | ३१.२ |
| मलेसियन रिंगिट | १ को | ९.६२ | ९.६६ |
| दक्षिण कोरियन वन | १०० को | १२.५५ | १२.६१ |
| स्विडिस क्रोनर | १ को | १९.२९ | १९.३८ |
| डेनिस क्रोनर | १ को | १७.७ | १७.७७ |
| हङकङ डलर | १ को | ४४७.१२ | ४४९.०७ |
| कुवेती दिनार | १ को | ३६५.६२ | ३६७.२२ |
| बहराइन दिनार | १ को | ३५८.०६ | ३५९.६२ |

# थप छ बन्धक रिहाइका लागि सहमतिपछि विस्थापित प्यालेस्टिनी उत्तरी गाजातर्फ फर्के

गाजा सिटी, प्यालेस्टिनी भू-भाग, (रासस/एएफपी)। इजरायल र हमासले थप छ जना बन्धकलाई रिहा गर्ने सम्झौता भएको छ। बन्धक र कैंदी आदानप्रदानका लागि थप कुटनीतिक वार्तापछि प्यालेस्टिनीहरू सोमबारदेखि युद्धग्रस्त गाजा पट्टीको उत्तरी क्षेत्रमा फर्किन थालेका छन्। इजरायल-हमास युद्धले गाजा पट्टीलाई तहसनहस पारेको छ र यसका लगभग सबै बासिन्दाहरूलाई विस्थापित गरेको छ। गाजामा चलेको १५ महिनाभन्दा बढीको द्वन्द्व अन्त्य गर्ने उद्देश्यले एक सम्झौता अन्तर्गत थप बन्धक-कैदी अदला-बदलीको लागि मार्ग प्रशस्त भएको छ।

हमासले नागरिक महिला बन्धकहरूलाई रिहा गर्न असफल भएको भन्दै इजरायलले उत्तरी गाजामा प्यालेस्टिनीहरूको ठूलो भीडलाई उनीहरूको घर फर्कनबाट रोक्दै आएको थियो। हमासको नेतृत्वमा रहेको प्यालेष्टिनी गृह मन्त्रालयका एक अधिकारीले एएफपीलाई बताएअनुसार प्यालेस्टिनीहरूको भीड सोमबार बिहानैदेखि उत्तरतर्फ जान थालेको छ। "विस्थापित प्यालेस्टिनीहरूको बाटो खुल्न थालेको छ", ती अधिकारीले भने। इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको कार्यालयले बिहीबार तीन जना र शनिबार अन्य तीन जनालाई रिहा गर्ने सहमति भएको जनाएको छ।

हमासले सोमबार जारी गरेको विज्ञप्तिमा उक्त सहमतिको पुष्टि गरेको छ। यसैबीच प्यालेस्टिनी नेताहरूले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजालाई 'खाली' गर्ने योजनाको निन्दा गर्दै युद्धग्रस्त क्षेत्रका बासिन्दालाई जबर्जस्ती विस्थापित गर्ने कुनै पनि प्रयासको प्रतिरोध गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजा 'विध्वंसस्थल' बनेको बताउँदै जोर्डनका राजा अब्दुल्लाह द्वितीयसँग प्यालेस्टिनीलाई बाहिर निकाल्ने विषयमा कुरा भएको बताएका थिए। "इजिप्टले गाजामा रहेका आफ्ना मानिसहरूलाई लिएर जाओस् र जोर्डनले पनि त्यसै गरोस् भन्ने म चाहन्छु", ट्रम्पले शनिबार एयर फोर्स वनमा पत्रकारहरूसँगको कुराकानीमा भने, "तपाईं शायद १५ लाख मानिसहरूको बारेमा चिन्ता व्यक्त गर्दै हुनुहुन्छ, र हामी त्यो सबै खाली गर्न चाहन्छौं। तपाईंलाई थाहा छ, शताब्दीऔंदेखि यो स्थानमा धेरै सङ्घर्षहरू थिए। मलाई थाहा छैन तर त्यहाँ केही हुनुपर्छ।" सन् २०२३ को अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासले गरेको आक्रमणपछि सुरु भएको युद्धका कारण गाजाका २४ लाख जनसङ्ख्यामध्ये अधिकांश विस्थापित भएका छन्। शनिबार ट्रम्पले गाजाका बासिन्दालाई स्थानान्तरण गर्नु 'अस्थायी वा दीर्घकालीन पनि' हुन सक्ने बताएका थिए।

इजरायलको कब्जामा रहेको वेस्ट बैंकमा रहेका प्यालेस्टाइनी नेता महमुद अब्बासले गाजाबाट प्यालेस्टाइनीहरुलाई विस्थापित गर्ने उद्देश्यले सञ्चालित कुनै पनि परियोजनाको कडा अस्वीकार र भर्त्सना गरेका छन्। हमासको राजनीतिक ब्यूरोका सदस्य बासेम नईमले एएफपीसँग भने, "प्यालेस्टिनीहरूले यस्ता परियोजनाहरूलाई विफल पार्नेछन्, जसरी उनीहरूले 'दशकौंदेखि विस्थापन र वैकल्पिक मातृभूमिका लागि' यस्तै योजनाहरू गर्दै आएका छन्।" गाजामा हमाससँग मिलेर लडेको इस्लामिक जिहादले ट्रम्पको विचारलाई 'निन्दनीय' भनेको छ। इस्लामिक जिहादले भनेको छ, "प्यालेस्टिनीहरूका लागि गाजाबाट उनीहरूलाई अन्यत्र सार्ने कुनै पनि प्रयासलाई अरब संसारले 'नक्बा' वा विपत्ति भनेको छ। यसले सन् १९४८ मा इजरायलको स्थापनाको समयमा प्यालेस्टिनीहरूको सामूहिक विस्थापनको अँध्यारो सम्झनाहरू जगाउनेछ। "हामी ट्रम्प र सम्पूर्ण विश्वलाई भन्छौं, जे सुकै भए पनि हामी प्यालेस्टाइन वा गाजा छोड्ने छैनौं," गाजाका विस्थापित बासिन्दा रशाद अल-नाजीले भने। इजरायलका अति दक्षिणपन्थी अर्थमन्त्री बेजालेल स्मोटरिचले युद्धविराम सम्झौताको विरोध गर्दै गाजामा इजरायली बस्ती पुनः स्थापनाका लागि समर्थन जनाएका छन्। अरब लिगले उक्त प्रस्तावलाई अस्वीकार गर्दै प्यालेस्टिनी जनतालाई आफ्नो भूमिबाट विस्थापित गर्ने प्रयासविरुद्ध चेतावनी दिएको छ। लिगले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "जबर्जस्ती विस्थापन र आफ्नो भूमिबाट मानिसहरूलाई निष्कासन गर्नुलाई जातीय सफाया मात्र भन्न सकिन्छ।" जोर्डनका विदेशमन्त्री अयमान सफादीले भने, "प्यालेस्टिनीहरूको विस्थापन योजनामा हाम्रो दृढ अस्वीकृति छ र स्थानान्तरण हुनेछैन। जोर्डन जोर्डनका लागि हो र प्यालेस्टाइन प्यालेस्टिनीका लागि हो। इजिप्टको विदेश मन्त्रालयले प्यालेस्टाइनको 'अविभाज्य अधिकार' को कुनै पनि उल्लङ्घनलाई अस्वीकार गरेको जनाएको छ। इजरायलले बन्धक बनाइएकी एक महिला अर्बेल येहुदको रिहाई नभएसम्म प्यालेस्टिनीलाई आवतजावतमा रोक लगाउने बताएको थियो।

नेतन्याहूको कार्यालयका अनुसार उनी बिहीबार स्वदेश फर्कने कार्यक्रम रहेको छ। हमासले उत्तरमा फर्कन रोक्नु पनि युद्धविरामको उल्लङ्घन भएको बताउँदै येहुदको रिहाईका लागि आवश्यक सबै ग्यारेन्टी प्रदान गरेको जनाएको छ। इजरायली सेनाका प्रवक्ता अविचय अद्राईले सोमबार स्थानीय समयअनुसार बिहान ७ बजेदेखि पैदल र बिहान ९ बजे कारमा फर्किन अनुमति दिइने बताएका छन्।

गाजा युद्धविरामको पहिलो चरणमा इजरायली जेलमा रहेका करिब एक हजार ९०० प्यालेस्टिनीहरूको बदलामा ३३ जना बन्धकहरूलाई छ हप्तामा चरणबद्ध रूपमा रिहा गरिने सहमति भएको छ र सम्झौताका बुँदा अनुसार अन्यथा नभएमा यो आदानप्रदान सुनिश्चित गरिएको छ। पछिल्लो पटक भएको अदलाबदलीमा चार जना इजरायली महिला बन्धक, सबै सैनिक र २०० जना कैदी, लगभग सबै प्यालेस्टिनीलाई शनिबार रिहा गरिएको थियो।



क्वालालम्पुरमा आयोजित एक प्रेससम्मेलनलाई सम्बोधन गर्दै इन्डोनेसियाका राष्ट्रपति प्राबोओ सुबिआन्तो (बायाँ) र मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिम (दायाँ)।

**तस्विर एएफपी/रासस**

## जेजु विमानको इन्जिनमा चराको प्वाँखसँगै रगतको दाग भेटिएको दाबी

सियोल (रासस/एएफपी)। गत डिसेम्बरमा दुर्घटनाग्रस्त भएको जेजु एयरको विमानको दुवै इन्जिनमा चराको प्वाँख र रगतको धब्बा फेला परेको सोमबार सार्वजनिक भएको प्रारम्भिक अनुसन्धानले देखाएको छ। गत डिसेम्बर २९ मा थाइल्याण्डबाट दक्षिण कोरियाको मुआनका लागि उडेको बोइङ ७३७-८०० विमानमा चालक दलका सदस्यसहित १८१ जना यात्रु सवार थिए। दुर्घटनाग्रस्त उक्त विमानमा सवार १७९ जनाको मृत्यु भएको थियो भने दुई जनालाई सख्त घाइते अवस्थामा उद्धार गरिएको थियो।

यो दक्षिण कोरियाली भूमिमा भएको सबैभन्दा खराब हवाई दुर्घटना थियो। दक्षिण कोरियाली र अमेरिकी अन्वेषकहरूले अझै पनि दुर्घटनाको कारणबारे अनुसन्धान गरिरहेका छन्, चराको आक्रमण, खराब अवतरण गियर र रनवे अवरोधलाई सम्भावित समस्याको रूपमा परीक्षण गरिएको छ। दुर्घटनास्थलबाट बरामद गरिएका दुवै इन्जिनको निरीक्षण गरिएको र दुवै इन्जिनमा चराको रगतको धब्बा र प्वाँख फेला परेको प्रतिवेदनमा उल्लेख छ। "चालकले धावनमार्ग ०१ नजिक आइपुग्दा चराहरूको एक समूह पहिचान भएको जनाएका र सुरक्षा क्यामेराले एचएल ८०८८ लाई चराहरूको समूहको नजिक आउँदै गरेको भिडियो खिचेको भेटिएको छ," जेटको दर्ता नम्बर उल्लेख गर्दै रिपोर्टमा भनिएको छ। विमान दुर्घटना हुनुअघिका क्षणहरुमा इन्जिनले काम गर्न छोडेको थियो वा थिएन भन्नेबारे भने केही बताइएको छैन। डिएनए विश्लेषणले प्वाँख र रगत साइबेरियाबाट जाडो याममा कोरिया आउने बैकाल गैरी (बैकल टिल्स) नामक प्रवासी चराहरूको रहेको हुनसक्ने बताएको छ। रिपोर्टमा ककपिट भ्वाइस रेकर्डर र फ्लाइट डाटा रेकर्डर दुवैले विपत्तिको चार मिनेट अघि नै काम गर्न छोडेको भेटिएको उल्लेख गरिएको छ। विमानमा मुख्य चालकले (क्याप्टेन) को छ हजार ८०० घण्टाभन्दा बढी उडान गरेको र सहायक चालकले एक हजार ६५० घण्टाभन्दा बढी उडान गरेको अनुभव थियो। दुर्घटनामा दुवैको मृत्यु भएको थियो भने दुई जना परिचारिका मात्र बाँचेका थिए।

## श्रीलंकाका पूर्वराष्ट्रपतिका छोराविरूद्ध भ्रष्टाचारको आरोपपछि विदेश यात्रामा प्रतिबन्ध

कोलम्बा (रासस/एएफपी)। श्रीलङ्काका पूर्वराष्ट्रपति महिन्दा राजापाक्षका छोरा योशिथा राजापाक्षलाई सम्पत्ति शुद्धीकरणको आरोपमा पक्राउ गरिएपछि सोमबार देश छाड्न प्रतिबन्ध लगाइएको छ।

योशिताविरुद्धको मुद्दा वर्षौं पुरानो हो, तर राष्ट्रपति अनुरा कुमारा दिसानायकेले चुनावमा शानदार जित हासिल गरेपछि यसलाई अनुसन्धान प्रक्रियामा अघि बढाइएको छ। शक्तिशाली राजापाक्ष परिवारका कैयौं सदस्य र उहाँका निकट सहयोगीहरूमाथि वर्षौंदेखि भ्रष्टाचार र हत्यालगायत विभिन्न अपराधको आरोप लगाइएको छ।

सन् २००५ देखि २०१५ सम्म आफ्ना पिता सत्तामा रहँदा घर खरिद गर्दा प्रयोग हुने आम्दानीको स्रोतबारे बताउन नसकेको प्रहरीले बताएपछि ३६ वर्षीय पूर्व जुनियर नौसैनिक अधिकारी योशितालाई यात्रा प्रतिबन्ध लगाइएको हो।

उनलाई पक्राउ गरी दुई दिन हिरासतमा राखिएको थियो र सोमबार कोलम्बोका एक म्याजिस्ट्रेटले १० करोड भारु (तीन लाख ४४ हजार अमेरिकी डलर) को धरौटीमा रिहा गर्न आदेश दिएका थिए। योशिताले अनुसन्धानकर्ताहरूसँग आफ्नी हजुरआमाले दिएको रत्नहरू बेचेर सम्पत्ति किन्नका लागि पैसा जम्मा गरेको दाबी गरेका थिए। सोधपुछ गर्दा हजुरआमाले ती बहुमूल्य पत्थरहरू कसरी प्राप्त गरेको भनी जानकारी नभएको बताएका थिए।

उनलाई सन् २०१६ मा टेलिभिजन नेटवर्क खरिद गरेको अभियोगमा पक्राउ गरिएको थियो। यी दुवै घटना वर्षौंदेखि निष्क्रिय अवस्थामा थिए। श्रीलङ्काको संसद्मा सांसद रहेका उनका जेठा दाई नमालले पनि सम्पत्ति शुद्धीकरणको छुट्टै आरोप खेपिरहेका छन्। सन् २०२४ को सेप्टेम्बरमा सत्तामा आएका राष्ट्रपति दिसानायकेले विचाराधीन फौजदारी मुद्दालाई छिटो छरितो बनाउने र विदेशमा लुकाएर राखेको भनिएको चोरीको सम्पत्ति फिर्ता ल्याउने वाचा गरेका थिए। मन्त्रिपरिषद्का प्रवक्ता नलिन्दा जयतिसाले कोलम्बोमा पत्रकारहरूसँग कुरा गर्दै नयाँ सरकारले फौजदारी अनुसन्धान विभागलाई अभियोजनलाई गति दिन थप स्रोत उपलब्ध गराइरहेको बताए। जयतिसाले भने, "यो राजनीतिक बदलाको लागि ल्याइएको मुद्दा होइन।

श्रीलङ्काका नागरिकले हामीलाई मतदानबाट अनिर्णित मुद्दाहरू टुङ्ग्याउन दिएको जनादेश हो।" सन् २०१९ मा राष्ट्रपति बनेका महिन्दा राजापाक्षेका कान्छा भाइ तथा पूर्वराष्ट्रपति गोटाबाया राजापाक्षले पनि श्रीलङ्काको गृहयुद्धको अन्त्यतिर महिन्दाको कार्यकालमा एक शीर्ष रक्षा अधिकारी हुँदा सैन्य खरिदमा भ्रष्टाचारको आरोप पनि खेप्नुपरेको छ। उनलाई सन् २०२२ मा जनविद्रोहपछि सत्ताच्युत गरिएको थियो।


## Notice for Invitation of Sealed Quotation

Published Date: 15th Magh, 2081

**Manjushree Finance Limited** invites sealed quotation from the interested firms/companies for printing and supply of Calendar for 2082 B.S.

**Details for Calendar**

| S.N. | Particular | Table Calendar | Wall Calendar |
|---|---|---|---|
| 1. | Quantity | 1,500 | 15,000 |
| 2. | Size | 7" (w) × 5" (h) | 15" (w) × 20" (h) |
| 3. | No of Pages | 13 ( both side printing) including cover page | |
| 4. | Paper Type | 300 GSM Art Board | 200 GSM Art Board |
| 5. | Binding | Patta Binding | Patta Binding |

**Terms and Conditions**

1. Bidders must submit the following documents:
   a) PAN/VAT Certificate
   b) Audited Balance Sheet of Last 2 years
   c) Company Registration Certificate
   d) Latest Tax Clearance Certificate
2. RFP Documents : Available upon submission of an official request letter to the General Administrative Department, (GAD), New Baneshwor, Kathmandu, with a non-refundable fee of NPR 5,000/-.
3. Sealed proposals must be submitted to the GAD, Manjushree Finance, New Baneshwor not later than 3:00 PM, 29th Magh, 2081.
4. Documents received after the deadline will not be considered.
5. If the submission deadline falls on a government holiday, proposals can be submitted on the next working day. The same applies to the proposal opening process.
6. The Bids received will be opened on 30th Magh, 2081 at 3:00 P.M. at Manjushree Finance, New Baneshwor, in absence/presence of the bidder's representatives. Non- attendance of any or all the bidder's representatives shall not hinder the opening of the bids.
7. Manjushree Finance Limited reserves the right to accept or reject any or all bids, wholly or partly. at its sole discretion without assigning any reason.

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था)

प्रधान कार्यालय ओमकार भवन, नयाँ बानेश्वर-१०, काठमाण्डौं
फोन नं. ०१-४७९२५१७, ४७९३१८५-१२०
वेबसाइट: www.manjushreefinance.com
ईमेल: manjushree@manjushreefinance.com.np



**Prasauni Rural Municipality**

**Office of the Rural Municipal Executive**

Prasauni, Bara
Madesh Province Nepal

## Invitation for Bids

**Invitation for Bids No: PRM/NCB/W/21/2081/082**

Date of publication: 28-01-2025 (15-10-2081)

1. ***The Prasauni Rural Municipality has allocated funds*** towards the Pond Beautification work and intends to apply part of the funds to cover eligible payments under the Contract ***for Pond beautification of Contract ID PRM/NCB/W/21/2081/082.*** Bidding is open to all eligible as per Section V of bidding document.
2. Prasauni Rural Municipality invites electronic bids from eligible bidders for the construction of Pond Beautification Work under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding: Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 32150000 Minimum Work experience of similar size and nature: 10750000
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Prasauni Rural Municipality, Madhesh Province Bara, Nepal or may visit PPMO e-GP system www.bolpatra. gov.np/egp.
5. If hard-copy is allowed then a complete set of Bidding Documents may be purchased from the office Prasauni Rural Municipality Bara, Madhesh Pradesh, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 5000.0 NRs. till 27-02-2025 12:00 during office hours. Or Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank: Himalayan Bank Ltd.**

   Name of the Office: Office of the Rural Municipal Executive Prasauni,Bara

   Office Account no: 05307682940019

   Office Account Name: GA-1.1 Aantrik Rajaswa Khata Prasauni
6. Pre-bid meeting shall be held at Office of The Rural Municipal Executive Prasauni,Bara at 17-02-2025 13:00 hours
7. Sealed or electronic bids must be submitted to the office Prasauni Rural Municipality, Bara, Madhesh Province, Nepal by hand/courier or through PPMO's e-GP system www.bolpatra. gov.np/egp on or before 27-02- 2025 12:00. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 27-02-2025 13:00 hours at the office of Office of The Rural Municipal Executive Prasauni,Bara. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 800000 which shall be valid for 30 days beyond the validity period of the bid.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

प्रक्षेपण
राष्ट्रिय दैनिक
मंगलबार १५ माघ २०८१
Tuesday 28 January 2025
भ.पु.जि.प्र.का.द.नं. ३५/०५९/६०
भ.पु.जि.हु.द.नं. २/०६५/६६





# उषा नायक बनेपछि आर्मी स्तब्ध, पुलिस उपाधि नजिक

गोलरक्षक उषा नाथले त्रिभुवन आर्मी क्लबका तीन पेनाल्टी प्रहार बचाएपछि विभागीय टिम नेपाल पुलिस क्लब एन्फा राष्ट्रिय महिला लिगको फाइनलमा प्रवेश गरेको छ । सोमबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा भएको खेलमा आर्मी क्लबलाई पेनाल्टी सुटआउटमा २-१ गोलअन्तरले हराउँदै पुलिस क्लब फाइनलमा प्रवेश गरेको हो । पुलिसलाई फाइनलमा पुऱ्याउँदा गोलकिपर उषाले आर्मीका तीन पेनाल्टी प्रहारलाई रोकेकी थिइन् ।

पेनाल्टीमा पुलिस क्लबका लागि गोलरक्षक उषा नाथ र बिर्सना चौधरीले गोल गरे । पुलिसका दुई प्रहार भने आर्मीकी अञ्जना राना मगरले बचाएकी थिइन् । आर्मीका लागि गोलकिपर अञ्जना राना मगरले मात्रै गोल गरिन् । निर्धारित ९० मिनेटको खेल गोलरहित बराबरीमा सकिएपछि खेल अतिरिक्त समयमा धकेलिएको थियो । तर, अतिरिक्त ३० मिनेटको खेल पनि गोलरहित बराबरीमै सकिएपछि खेलको निर्णय पेनाल्टी सुटआउटबाट लिएको थियो । पुलिस क्लबले अब उपाधिका लागि बुधबार अर्को विभागीय टिम एपीएफ क्लबसँग प्रतिस्पर्धा गर्नेछ । खेल त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा दिउँसो २ बजे हुनेछ । यस्तै सातदोबाटो युथ क्लबले एन्फा यु-१६ युथ लिगमा एफसी खुमलटारविरुद्ध कठिन जित हात पारेको छ । सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा सोमबार सम्पन्न खेलमा सातदोबाटो ३-२ ले विजयी भएको हो । जितसँगै सातदोबाटोले आठ खेलबाट १२ अंक जोडेको छ। पराजित खुमलटारको समान खेलबाट तीन अंक छ। सातदोबाटोलाई जित दिलाउन आयुश खड्का, एल्बिन लिम्बू र रमेश खत्रीले समान एक गोल गरे। एक गोल भने सातदोबाटोले उपहार स्वरुप खुमलटारलाई दिएको थियो। खुमलटारका प्रियशन महतले एक गोल गरे। १२औं मिनेटमा आयुशको गोलमार्फत सातदोबाटोले अग्रता लिएको थियो। २५औं मिनेटमा रुपेश भण्डारीबाट आत्मघाती गोल हुँदा खुमलटार खेलमा फर्कियो। ३०औं मिनेटमा एल्बिनले गोल गर्दा सातदोबाटोले २-१ को अग्रता लियो । ३१औं मिनेटमा रशेमले अर्को गोल थप्दै सातदोबाटोलाई मजबुत अवस्थामा पुऱ्याएका थिए । तर, ७४औं मिनेटमा प्रियशनले गोल गर्दै खेल ३-२ मा ल्याए। यद्यपि, खुमलटारलाई त्यो गोल पर्याप्त हुन सके ।

# वेस्टइन्डिजसामु पाकिस्तान घरमै स्तब्ध



काठमाडौँ । पाकिस्तान आफ्नै जालमा आफैँ फसेपछि वेस्ट इन्डिजले पाकिस्तानलाई उसकै घरमा टेस्ट क्रिकेटमा हराएको छ।

पाकिस्तानको मुल्तानमा वेस्ट इन्डिजले दुई टेस्टको सिरिजको दोस्रो खेलमा तेस्रो दिनमै जित हात पारेको हो । पाकिस्तानले वेस्ट इन्डिजलाई हराउन स्पिन ट्र्याक बनाएको थियो । र, उसका स्पिनरहरूले सोहीअनुसार प्रदर्शन पनि गरेका थिए ।

तर, पाकिस्तानी ब्याटर वेस्ट इन्डिजको स्पिन आक्रमणअगाडि ध्वस्त भएपछि घरमै पाकिस्तानले टेस्ट गुमाएको हो । खेलको पहिलो दिन टस जितेको वेस्ट इन्डिजले पहिलो पारीमा १६३ रन बनाएको थियो। एक समय ३८ रनमा ७ विकेट गुमाइसकेको वेस्ट इन्डिजलाई पुछारका ब्याटर गुडकेश मोइतीले ५५ रन र जामेल वारिकेनले ३६ बनाएर उकासेका थिए। यस्तै, केमर रोचले पनि महत्त्वपूर्ण २५ रनको योगदान गरेका थिए । अन्तिमका तीन ब्याटरबाट निस्केको रनका कारण वेस्ट इन्डिजले पहिलो पारीमा १६३ रन बनाएको थियो। यो पारीमा पाकिस्तानका लागि नुवान अलीले ६ विकेट लिएका थिए ।

उता पहिलो पारीमा अग्रता लिने अवसर पाकिस्तानी ब्याटरले गुमाए। पाकिस्तान पहिलो पारीमा १५४ रनमा अलआउट भयो। उसका लागि मोहम्मद रिजवानले ४९ रन बनाउनुबाहेक अन्य ब्याटरले रन बनाउन सकेनन्। र, वेस्ट इन्डिजको बलिङ आक्रमणसामु आत्मशमर्पण गरे। वेस्ट इन्डिजका लागि जामेल वारिकेनले ४ विकेट लिए भने गुडकेश मोइतीले ३ विकेट लिए ।

पहिलो पारीमा ९ रनको अग्रता लिएको वेस्ट इन्डिजले दोस्रो पारीमा २४४ रन बनायो र पाकिस्तानलाई २५४ रनको लक्ष्य दियो । यो पारीमा पाकिस्तानका लागि स्पिनरद्वय नुवान अली र साजिद खानले चार/चार विकेट लिएका थिए। स्पिन ट्र्याकमा २५४ रनको लक्ष्य पछ्याएको पाकिस्तानले खराब सुरुवात गऱ्यो ।

उसका कप्तान सान मक्सुद र अर्का ओपनर मोहम्मद हुरैरा दुई दुई रन बनाएर आउट भए। बाबर आजम पनि ३१ रन बनाएर दोस्रो दिनको खेल सकिनुअघि आउट भए। सोमबार तेस्रो दिन पाकिस्तान १३३ रन बनाउँदा अलाउट भयो र १२० रनले पराजित भयो ।

वेस्ट इन्डिजले दोस्रो टेस्ट मात्र जितेर सिरिज पनि बराबरी गऱ्यो । २०२५ को सुरुमा पाकिस्तानले आफ्नै घरमै हार व्यहोऱ्यो भने वेस्ट इन्डिजले पाकिस्तानमा समग्रमा पाँचौं जित हात पाऱ्यो । टेस्ट क्रिकेटमा लगातार खराब प्रदर्शन गरिरहेको वेस्ट इन्डिजले गत वर्ष अस्ट्रेलियालाई उसकै घरमा हराएर चकित पारेको थियो भने यो वर्ष पाकिस्तानलाई उसकै घरमा हराएको छ ।

अस्ट्रेलियामा फास्ट बलरले जित दिलाउँदा शेमर जोसेफ नायक बनेका थिए भने पाकिस्तानमा जित दिलाउँदा स्पिनर जामेल वारिकेनले अलराउन्ड प्रदर्शन गरे ।

# भारतका बुमराह टेस्ट क्रिकेटर अफ द इयर



काठमाडौँ । भारतका फास्ट बलर जसप्रित बुमराह अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) क्रिकेटर अफ द इयर बनेका छन् । उनलाई सोमबार आईसीसीले सो अवार्ड दिने घोषणा गरेको हो । बुमराहले २०२४ मा टेस्ट क्रिकेटमा सबैभन्दा धेरै विकेट लिएका थिए ।

उनले गत वर्ष १३ टेस्ट क्रिकेटमा १४.९२ को औसतमा ७१ विकेट लिए। हालै अस्ट्रेलियामा भएको बोर्डर गावस्कर ट्रफीमा पनि बुमराहले सर्वाधिक विकेट लिएका थिए । उनले पाँच टेस्टमा ३२ विकेट लिएका थिए। आधुनिक क्रिकेटमा बुमहरा सबैभन्दा लिथल फास्ट बलर मानिन्छन्। उनको यसै प्रदर्शनका आधारमा आईसीसीले टेस्ट क्रिकेटर अफ द इयर घोषणा गरेको हो । बुमराहले घरेलु र विदेशी दुबै पिचमा उत्कृष्ट प्रदर्शन गर्दै आएका छन् । बुमराहसँगै यो अवार्डका लागि इंगल्यान्डका जोय रुट र ह्यारी ब्रुक तथा श्रीलंकाका कामान्दु मेन्डिस प्रतिस्पर्धामा थिए।

आईसीसीले टेस्ट टिम अफ द इयरमा पनि बुमराहलाई समावेश गरेको छ । जसको कप्तान भने अस्ट्रेलियन कप्तान पाट कमिन्स छन् । आईसीसी टिममा भातरका यश्यश्वी जयसवाल र इंगल्यान्डका बेन डकेट ओपनर, न्युजिल्यान्डका केन विलियम्सन र इंगल्यान्डका जोय रुट मिडिल अर्डर, इंग्याल्डकै ह्यारी ब्रुक र श्रीलंकाका कामान्दु मेन्डिस तल्लोक्रम तथा इंग्ल्यान्डका जिमी स्मिथ विकेट किपर, भारतका रविन्द्र जडेजा स्पीन अलराउन्डर, अस्ट्रेलियाका फास्ट बलर पाट कमिन्स (कप्तान), न्युजिल्यान्डका म्याट हेनरी र भारतका जसप्रित बुमराह फास्टबलर रहेका छन् ।

# नवनियुक्त सदस्यलाई स्वागत

राष्ट्रिय खेलकुद परिषद्का नवनियुक्त दुई जना सदस्यलाई राखेपमा स्वागत गरिएको छ । नवनियुक्त सदस्यहरु रन्जना प्रधान र विदुर ढुंगानालाई सदस्य सचिव टंकलाल घिसिङले स्वागत गर्नु भएको हो । युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले आज दुई जनालाई परिषद्को बोर्ड सदस्यमा नियुक्ती गर्नु भएको थियो ।

स्वागत कार्यक्रमा बोर्ड सदस्यहरु कमल बहादुर भट्टराई, भान बहादुर चन्द, रामचन्द्र श्रेष्ठ, अन्जना श्रेष्ठ तथा विभागीय प्रमुखहरुको सहभागिता थियो ।

# तेजस्वी र सत्यसाइलाई सफलता

काठमाडौं । तेजस्वी एकेडेमी र सत्यसाइले प्रथम ज्ञान संस्कार अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर गर्ल्समा सोमबार जित हात पारेका छन्। तेजस्वीले आयोजक ज्ञान संस्कारलाई ९-६ ले पराजित गऱ्यो । तेजस्वीकी मुस्कान अधिकारीले ६ अंक जोडिन् । सत्यसाइले टीआईएलाई १८-१२ ले हरायो ।

सत्यसाइकी मिस्ती श्रेष्ठले ८ स्कोर गरिन् । सोही स्पर्धामा इडेन ब्रिज एकेडेमी (इबीए) ले बौद्ध चिल्ड्रेन हेभेनलाई २२-२०, काष्ठमण्डपले एन्जल्स हार्टलाई १२-१०, फेरिल्यान्डले बागमतीलाई २४-१९ र बागमतीले न्युटनलाई २५-१९ ले पाखा लगाए ।

इबीएकी अनामिका पटेलले १९, काष्ठमण्डपकी श्रियाशी सिंहले ६, फेरिल्यान्डकी करुणा बोगटीले १६ र बागमतीकी स्मृति पोखरले १३ अंक जोडे। जुनियर ब्वाइजमा भद्रकालीले नेचरलाई २०-१६, रिलायन्सले फ्युजनलाई ३३-२९, एन्जल्स हार्टले रिलायन्स पब्लिकलाई ३८-३२ र ग्रिनलन्सले ग्रिनल्यान्डलाई २७-२२ ले पन्छाए । भद्रकालीका देवाशिष ओलीले ११, रिलायन्सका प्रिजन कार्कीले ११, एन्जल्स हार्टका रुपेश पौडेलले २४ र ग्रिनलन्सका रोजन रम्तेलले ६ अंक बटुले ।

# इनोभेटिभको दोहोरो जित

काठमाडौं। आयोजक इनोभेटिभ इङलिस स्कुलले १० औं इनोभेटिभ अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर ब्वाइजमा सोमबार दोहोरो जित हात पारेको छ। इनोभेटिभ 'ए' ले रेडियन्ट रिडर्सलाई २९-१० ले हरायो। जितमा पुजन श्रेष्ठको १० अंक योगदान रह्यो। रिजन खरेलको ४ अंक सहयोगमा इनोभेटिभ 'बी' ले काभ्र्यालाई ९-४ ले हरायो।

सिनियर ब्वाइजमै हिमालीले एस्पान्डल पब्लिकलाई ३६-२९ तथा डिफेन्डिङ च्याम्पियन ज्ञान निकेतनले क्याम्पियन काठमाडौंलाई ५०-१५ ले पाखा लगाए ।

हिमालीका सुदिप श्रेष्ठले २० तथा ज्ञान निकेतनका दिप्सन अधिकारीले १७ अंक जोडे । जुनियर ब्वाइजमा अवेरनेस इन्टरनेसनल एकेडेमी (एआईए) ले सनसाइनलाई १०-५, नेरिकले काभ्र्यालाई २६-४, केयर इङलिसले डाफोडिललाई ३०-७ र ज्ञान निकेतनले मोडर्नलाई २१-६ ले पाखा लगाए। एआईएका आदित्य बुढाले ४, नेरिकका सविन खत्रीले १५, केयरका रन्जित श्रेष्ठले १२ र ज्ञान निकेतनका करण राईले ९ अंक बटुले ।सिनियर गर्ल्समा रोज बडले इनोभेटिभलाई २०-१८ तथा ज्ञान निकेतनले एआईएलाई १४-४ ले पन्छायो। रोज बडकी स्वच्छता तथा ज्ञान निकेतनकी यशोदा गज्मेरले समान ४-४ अंक जोडे।

# एक्टर : टेकवनलाई देशभर १६० शो




काठमाडौं । बुधबारदेखि प्रदर्शन तयारीमा रहेको फिल्म 'एक्टर : टेक वन'ले सोमबार बेलुकासम्म देशब्यापी १६० हाराहारीमा शो प्राप्त गरेको छ । कतिपय हलले शो खुलाउन बाँकी रहेकाले संख्यामा वृद्धि हुनसक्छ । मुख्य मल्टिप्लेक्स चेन क्यूएफएक्सले मात्र देशब्यापी ५६ शो दिएको छ जुन सन्तोषजनक हो । यो फिल्मविरुद्ध जिल्ला अदालत काठमाडौंमा रिट दायर भएको छ। अदालतले मंगलबारको लागि सुनुवाइ तोकेको छ ।

निवेदकको माग बमोजिम अदालतले आदेश दिएको खण्डमा हलले विक्री भैसकेको टिकट फिर्ता गर्नुपर्ने हुन्छ। यसकारण, कतिपय हल अझै पनि अदालतको आदेशको प्रतीक्षामा छन्। अदालतको आदेश नआउँदै केही हलले टिकट विक्री गरिरहेका छन्। सोमबार बेलुका निर्माताले प्रिमियर शोको पनि आयोजना गरेका छन् ।

यस्तोमा, सबैको ध्यान मंगलबार हुने अदालती सुनुवाइतर्फ केन्द्रित छ। 'एक्टर : टेक वन'मा प्रदीप खड्का, आना शर्मा, दिब्या रायमाझी, राजवल्लभ कोइराला लगायतको अभिनय छ। राजन भुसाल निर्देशित फिल्ममा खड्काको शीर्ष भूमिका छ।

अकोर् फिल्म 'एक्टर'का निर्माताले आफ्नो फिल्मको शीर्षकसँग मिल्दोजुल्दो हुँदा आफूले आर्थिक क्षति भोग्नुपरेकाले 'एक्टर : टेक वन'को प्रदर्शन रोक्न माग गर्दै शुक्रबार काठमाडौं जिल्ला अदालतमा रिट दायर गरेका थिए ।

# टाइगर कपमा भारतीय क्लबमाथि पुलिसको सहज जित



पोखरा । एनसेल पाँचौं टाइगर कप भलिबलमा विभागीय टिम नेपाल पुलिस क्लबले भारतको सुनिल भलिबल क्लबमाथि सानदार जित निकालेको छ । सोमबार पोखरा रंगशालास्थित भलिबल कोर्टमा भएको खेलमा पुलिस क्लबले भारतको सुनिल क्लबलाई ३-१ को सेटमा पराजित गरेको हो । पहिलो सेट २५-१० र दोस्रो सेट २५-१४ ले जितेको पुलिसले तेस्रो सेट भने गुमाएको थियो ।

तेस्रो सेटमा पुनरागमन गर्दै सुनिल क्लबले २५-२२ को जित दर्ता गऱ्यो । तर, प्रतिस्पर्धात्मक भएको चौथो सेटमा २५-२२ को जित निकाल्दै पुलिस क्लबले प्रतियोगितामा दोस्रो जित दर्ता गरेको हो। सुनिल क्लबको भने यो पहिलो हार हो । यसअघि भएका महिलातर्फको खेलमा नेपाल पुलिस क्लब र सशस्त्र प्रहरी बल एपीएफ विजयी भएका थिए । पुलिसले ट्राभल इन्क्वारी युनाइटेड प्यासन भलिबल क्लब, थाइल्याण्डलाई ३-१ र एपीएफले टिपटप न्यू डायमण्ड स्पोर्ट्स क्लबलाई ३-० को सोझो सेटमा पराजित गरेको थियो। टाइगर ग्रुप अफ पोखराको आयोजनामा जारी प्रतियोगिता १९ माघसम्म चल्नेछ ।




रूजु पब्लिकेशन प्रालिद्वारा प्रकाशित : **अध्यक्ष** : नरेश भण्डारी, **मुद्रण** : नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रा.लि. दुवाकोट, भक्तपुर, **फोन** ९८५११३४१९३, ९८५८०३४१९३ , ९८५१३४६७६२, **ईमेल** : rujupvtltd520@gmail.com,
**विज्ञापनका लागि** : pnmarketing520@gmali .com '**कानुनी सल्लाहकार** : अधिवक्ता बासुदेव ज्ञवाली, **सल्लाहकार** : विकलप्रसाद श्रेष्ठ, **सम्पादक** : सारिका श्रेष्ठ